धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज ०५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४

## ज्येष्ठ नागरिक पार्क सौन्दर्यीकरण गर्ने नगरप्रमुखको घोषणा





तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले ज्येष्ठ नागरिक पार्क आधुनिकीकरण र सौन्दर्यीकरणको कार्य थालनी गर्ने बताएका छन्। ज्येष्ठ नागरिक सङ्घ, पर्साको ११औं साधारणसभा तथा विश्व अल्जाइमर्स दिवसको अवसरमा उनले ज्येष्ठ नागरिक सङ्घ, पर्साले वृद्धवृद्धाहरूको लागि सराहनीय कार्य गर्दै आएको बताए।

वीरगंज-१५ लक्ष्मणवास्थित ज्येष्ठ नागरिक पार्कमा सम्पन्न कार्यक्रममा सङ्घका केन्द्रीय सदस्य तथा ज्येष्ठ नागरिक सङ्घ मधेस प्रदेशका संयोजक जगदीशप्रसाद शर्मालगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा सङ्घका सचिव विनयराज गौतमले वार्षिक कार्यक्रम र कोषाध्यक्ष सुरेन्द्रलाल श्रेष्ठले आर्थिक गतिविधिको प्रतिवेदन पेश गरेकामा सर्वसम्मत पास गरिएको थियो। साथै आगामी वर्षको कार्यक्रमसमेत अनुमोदन गरिएको थियो।

यसैगरी, ज्येष्ठ नागरिक सङ्घ पर्साले 'धेरै हतार पनि नगरौं, धेरै ढिलो पनि नगरौं' नाराका साथ विश्व अल्जाइमर्स दिवस मनाएको छ। कार्यक्रममा डा



श्यामसुन्दर दासले अल्जाइमर्स दिवसबारे जानकारी गराएका थिए। उनले ज्येष्ठ नागरिकहरूलाई अल्जाइमर्सको समस्या हुने भएकोले समयमा उपचार गराउन सुझाव दिए।

सङ्घका अध्यक्ष श्याम पोखरेलको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण सङ्घका सचिव विनयराज गौतम, स्वागत उपाध्यक्ष बैधनाथ कोइरी, धन्यवाद ज्ञापन डा अशोक दासले गरेका थिए।

## छिमेकीले बलात्कार गरेको आरोप जाहेरी पुग्यो जिल्ला प्रहरी कार्यालय

प्रस, परवानीपुर, ४ असोज/

पर्सामा एकजना महिलामाथि बलात्कार भएको घटना प्रकाशमा आएको छ। बहुदरमाई नगरपालिकाको एउटा वडामा बलात्कारको घटना भएको हो।

एकजना विवाहित २५ वर्षीया महिलालाई ४५ वर्षीय छिमेकीले बलात्कार गरेको आरोप लागेको छ। जाहेरी दर्ता नभएकोले पीडकको विवरण खुलाइएको छैन।

गत भदौ ९ गते राति ८ बजे घरबाटै नियन्त्रणमा लिएर गाउँनजीकैको सरेहमा लागेर आफूमाथि जबरजस्ती गरिएको ती महिलाले आरोप लगाएकी छन्। प्रहरीसमक्ष घटना गत भदौ ३१ गते आइतवार मात्रै आएको हो।

पीडित महिलाका सासू र ससुरा एक महीने तीर्थयात्रामा गएका तथा पीडकले ज्यान लिने धम्की दिएकाले उक्त महिला प्रहरीमा आउन ढिला गरेकी हुन्।

आरोपितले एक महीना पहिलेदेखि आफूलाई प्रलोभनमा पार्ने प्रयास गर्दै आएको र घरमा सो दिन बच्चा र नन्द मात्रै भएको बेला मुख थुनेर सरेहमा लगेर बलात्कार गरेको उनको भनाइ छ। पीडक अहिले फरार छन्। नातामा छिमेकी मामा पर्ने पीडक पक्षले पीडित महिलाको अर्कै केटासँग अनैतिक सम्बन्धको फोटो आरोपितले खिचेर




गाउँमा हल्ला गरेपछि इबी साध्न महिलाले प्रयास गरिरहेको दाबी गरेको छ। तर पीडित महिलाका परिवारजनले पीडकले बलात्कार आरोपबाट उम्किन अन्य केटासँग पीडित महिलाको फोटो खिचेर घटनालाई अन्तै मोड्न खोजेको आरोप लगाएका छन्।

यस विषयमा पर्साका प्रहरी उपरीक्षक कोमल शाहले पीडित जाहेरी लिएर प्रहरीमा आएकोमा जाहेरी दर्ता गर्नको लागि चाहिने आधारहरूका बारेमा सत्यतथ्य बुझ्ने कार्य भइरहेको बताउँदै भोलि शुक्रवार पीडित महिलाको स्वास्थ्य परीक्षण गरी घटनामा संलग्न सबैलाई अनुसन्धानको दायरमा ल्याइ दोषी पत्ता लगाउने कार्य हुने बताए। उनले घटनाको वास्तविकता छानबीन गरी सत्यतथ्य बाहिर ल्याउने दाबी गरेका छन्।

## रूँगटा काङ्ग्रेसको केन्द्रीय सदस्य

प्रस, वीरगंज, ४ असोज/

वीरगंजका व्यवसायी अनिल रूँगटा नेपाली काङ्ग्रेसको केन्द्रीय सदस्यमा मनोनीत भएका छन्। केन्द्रीय सभापति शेरबहादुर देउवाले बिहीवार पार्टीको विधान २०१७ को संशोधनसहित धारा २१ को उपधारा १० बमोजिम रूँगटासहित आठजनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेका हुन्।



सभापति देउवाले मानबहादुर विश्वकर्मा, अर्जुनप्रसाद जोशी, शिवप्रसाद हुमागाईं, किरणराज शर्मा पौडेल, चन्द्र भण्डारी, भरतकुमार साह, शारदा पौडेललाई मनोनीत गरेका हुन्। २०७८ सालमा भएको नेकाको महाधिवेशनबाट निर्वाचित सभापति देउवाले छ महीनाभित्र ३३ जना केन्द्रीय सदस्य नियुक्त गर्नुपर्ने प्रावधान रहेको र हाल उनले १९ महीनापछि आठजना केन्द्रीय सदस्य मनोनीत गरेका हुन्। पर्साबाट मनोनीत केन्द्रीय सदस्य रूँगटा संविधानसभा सदस्य पनि हुन्।

नेकाको विधान अनुसार १० वर्ष निरन्तर क्रियाशील सदस्य भएका केन्द्रीय

(बाँकी अन्तिम पातामा)

## शिक्षकहरूको आन्दोलनका कारण विद्यार्थीहरू पठनपाठनबाट वञ्चित

प्रस, निजगढ, ४ असोज/

सरकारले ल्याएको विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको शिक्षा विधेयक २०८० ले गरेको व्यवस्थामाथि असन्तुष्टि जनाउँदै सो विधेयकमा सुधारको माग राखेर बुधवारदेखि नेपाल शिक्षक महासङ्घको आह्वानमा देशभरका शिक्षकहरू काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी भएपछि निजगढ नगर पालिकाका सम्पूर्ण सामुदायिक विद्यालय बन्द छन्।

निजगढमा माध्यमिक विद्यालय आठ र आधारभूत तहका २० गरी कुल २८ वटा सामुदायिक विद्यालयमा पठनपाठन गर्ने १० हजार १४ जना विद्यार्थी शिक्षकहरूका आन्दोलनका कारण अध्ययनबाट वञ्चित भएका छन्। हकअधिकार, सेवासुविधा प्राप्तिका लागि सडक आन्दोलनमा शिक्षकहरू होमिंदा यता विद्यार्थीहरूमा निराशा छाएको छ। आफ्ना मागहरू सरकारले नसुनेपछि बाध्य भएर सङ्घीय राजधानी काठमाडौं केन्द्रित आन्दोलनमा होमिनुपरेको अधिकांश शिक्षकको भनाइ छ। आन्दोलनमा खर्चिएको समयको क्षतिपूर्ति भरण हुनेगरी समय मिलान गरी विद्यार्थीहरूलाई अध्ययन गराइने नेपाल शिक्षक महासङ्घको भनाइ छ।


शिक्षकहरू आन्दोलनका लागि काठमाडौं गएपछि बिहीवार बन्द अवस्थामा निजगढस्थित सामुदायिक विद्यालयको कक्षाकोठा। तस्वीरः जीतलाल श्रेष्ठ

विद्यालयहरू बन्द भएपछि विद्यार्थीहरू दिनभर मोबाइल, टेलिभिजन हेरेर, अन्य कुनै सामूहिक खेल खेलेर दिन काट्न बाध्य छन्। विद्यालय बन्द हुने कुनै सूचना जारी नगरेका विद्यालयका कतिपय विद्यार्थीहरू विद्यालय पुगेर घर फर्किने गरेका छन्।

"हामीलाई विद्यालय बन्द हुन्छ भन्ने कुनै सूचना, जानकारी दिइएको छैन। त्यही भएर विद्यालय आएको तर बन्द रहेछ। अझै कति दिन बन्द हुने हो केही थाहा छैन," सिगौल, निजगढ, रतनपुरका विद्यालय पुगेर घर फर्कँदै गरेका विद्यार्थीहरूले बताए।

"सरहरू काठमाडौं जुलूसमा सहभागी हुन जाने भनेका त सुनेका थियौं। विद्यालय नै बन्द गरेर जाने कुराको विद्यालय प्रशासनले कुनै जानकारी गराएको थिएन," मावि तहमा अध्ययनरत विद्यार्थीहरूले बताए।

संविधान अनुसार शिक्षकहरूको सरुवा, बढुवा, नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन, सेवासुविधा नियमनलगायतका विषयमा स्थानीय तहको भूमिका अस्वीकार गर्दै नेपाल शिक्षक महासङ्घले शिक्षकका पेशागत सुरक्षा, हकहित र

(बाँकी अन्तिम पातामा)

## ठक्कर दिएर फरार ईरिक्शा चालक पक्राउ

प्रस, वीरगंज, ४ असोज/

दुर्घटना गरेर भागेका ईरिक्शाका चालकलाई जिल्ला प्रहरी कार्यालय, बाराले पक्राउ गरेर कानूनी कारबाई अगाडि बढाएको छ।

जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले हिजो साँझ पौने सात बजे वीरगंज-कलैया सडकखण्ड अन्तर्गत पर्ने फेटा गापा-१ भलुही चोकमा ईरिक्शाको ठक्करबाट मोटरसाइकल चालक कलैया उपमहानगरपालिका निवासी ३३ वर्षीय भगवान पटेलको मृत्यु भएको र ठक्कर दिने ईरिक्शा चालक रिक्शासहित फरार रहेकामा निजलाई पक्राउ गरिएको बताए। उनले घटनामा घाइते पटेलको उपचारको क्रममा मृत्यु भएपछि प्रहरीले १८ घण्टापछि परवानीपुर गापा-५ बहुअरी निवासी ईरिक्शा चालक सुधन दासलाई पक्राउ गरिएको बताए।

## जमुनिया खोलाबाट नदीजन्य पदार्थको उत्खननमा रोक

प्रमोद यादव, पंचगावाँ, ४ असोज/

सखुवाप्रसौनी गाउँपालिका-१ मा पर्ने जमुनिया खोलाबाट नदीजन्य पदार्थको उत्खनन र निकासीमा रोक लगाइएको छ।

वडा नं १ को बैठकले खोलाका बालुवा, गिट्टी र ढुङ्गा गाउँपालिकाको साझा सम्पत्ति भएकोले यसलाई जोगाउनु सबैको नैतिक दायित्व भएको भन्दै खोलाबाट नदीजन्य पदार्थको उत्खनन र निकासी रोक लगाउने निर्णय गरिएको वडाध्यक्ष वासुदेव महतो थारूले बताए।

उनले भदौ २९ गतेको वडा बैठकले यस्तो निर्णय गरेको सूचनामा उल्लेख रहेको जानकारी गराएका छन्। उनले निर्णयको बर्खिलाफ कसैले खोलाबाट उत्खनन वा निकासी गरेमा ट्याक्टरलाई १० हजार रुपैयाँ र टिपरलाई ३० हजार रुपैयाँ जरिवाना गरिनुका साथै कानूनी कारबाही पनि हुने बताएका छन्।

सरकारले असार मसान्तदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खननमा रोक लगाउँदै आएको छ। असोज १ गतेदेखि वातावरणीय परीक्षण प्रतिवेदन पारित भएका खोलाहरूबाट स्थानीय पालिकाले ठेक्का, अमानतबाट नदीजन्य पदार्थको उत्खनन गर्न पाउने व्यवस्था छ।


तस्वीरः प्रतीक

पर्सामा रहेका भलुवाही, भेडाहा, जमुनिया, सिंगाहीलगायतका नदीमा असार मसान्तदेखि नदीजन्य पदार्थको उत्खनन बन्द भएको छ र असोज १ गतेदेखि खुला भएपनि अहिलेसम्म पालिकाहरूले खोलाबाट नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का बन्दोबस्ती गरिसकेका छैनन्। तीन महीनाको बन्द अवधिमा यसपटक भने खासै फरक परेको छैन।

आर्थिक मन्दीका कारण गाउँ-शहरमा पक्की भवन निर्माण कार्य नगण्यरूपमा भइरहेका र विकास निर्माण कार्यले पनि गति लिन नसक्दा नदीजन्य पदार्थको अभाव देखिएको छैन। केहीले बढी आर्थिक लाभ लिने उद्देश्यले नदीजन्य पदार्थ सञ्चय गरेका छन् र साबिक मूल्यभन्दा बढीमा बिक्री गरिरहेका छन्। तीन महीनाको बन्द अवधिमा नदीहरूबाट चोरी तस्करीको माध्यमबाट नदीजन्य पदार्थको निकासी भइरहेको थियो।

## विचारसार र सूक्तिहरू

**यस्तो चरित्र निर्माण गर कि मानिसलाई तिम्रो आगमनको प्रतीक्षा होस्, प्रस्थान गर्ने अभीप्सा होइन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# शिक्षासम्बन्धी विधेयक

**लामो समयपछि यसपटक नयाँ शिक्षा ऐन आउने आस पलाएको थियो । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा गए पनि सोअनुरूपको शिक्षा ऐन बन्न सकेको छैन । यसपटक सङ्घीय संसद्मा प्रस्तुत शिक्षासम्बन्धी विधेयक शिक्षक तथा शिक्षण पेशाको मानमर्दन गर्ने किसिमले आएको भन्दै शिक्षकहरू आन्दोलनमा उत्रिएका छन् । विगतदेखि शिक्षकहरूले उठाउँदै आएका मागहरू सम्बोधन गरेको सरकारले दाबी गरे पनि विधेयकले झन् समस्या खडा गरेको ठहर गर्दै शिक्षक, कर्मचारीहरू आन्दोलित छन् । शिक्षकहरूको छाता सङ्गठन नेपाल शिक्षक महासङ्घ र सरकारबीच शिक्षकको माग सम्बन्धमा यसअघि दुईपटक वार्ता र सहमति भइसकेको हो । विसं २०७५ फागुन ९ गते र २०७८ फागुन ९ गते वार्तापछि सहमति भएको थियो । उक्त सहमतिका मूलभूत कुरालाई समावेश नगरी विधेयक आएको भन्दै उक्त विधेयकलाई कुनै पनि हालतमा नमान्ने महासङ्घले जनाएको छ । बितेको बुधवारदेखि विद्यालय ठप्प पारेर शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहयोगी कार्यकर्ताहरूसमेत राजधानी केन्द्रित आन्दोलनमा छन् ।**

**शिक्षकहरूहरूले धेरै पहिलेदेखि उठाउँदै आएका ग्रेडिङको कुरा विधेयकमा समेटिएको छैन । निजमती कर्मचारीलाई १० वटा ग्रेड दिने सरकारले शिक्षकलाई छवटा मात्रै ग्रेड दिएर पक्षपात गरेको आरोप छ । शिक्षकको सेवासुविधा समान दर्जाका निजामती कर्मचारीभन्दा कम छ । उक्त मुद्दालाई संसद्मा प्रस्तुत विधेयकले सम्बोधन गरेको छैन । त्यसैगरी, महासङ्घले अस्थायी प्रकृतिका शिक्षकहरूको स्थायित्व, विद्यालय कर्मचारीहरूको दरबन्दी, विद्यालय संरचनाबाहिर रहेका बालविकास शिक्षकको स्थायित्व, तलब वृद्धि तथा पेशागत मर्यादा र रोजगारको प्रत्याभूतिका मुद्दाहरूलाई उठाएको छ । अस्थायी अवधि गणना, निवृत्तिभरण, बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा, कार्यसम्पादन मूल्याङ्कनलगायतका विषयहरूलाई महासङ्घले गम्भीरताका साथ उठाएको छ । विद्यालय शिक्षासम्बन्धी विधेयक समग्रमा शिक्षकलाई नत्थी लगाउने, निरङ्कुश व्यवस्थाको जस्तो रहेको शिक्षकहरूको ठम्याइ छ ।**

**मन्त्रिपरिषद्बाट पास भएर संसद्मा गएको उक्त विधेयकमा सामुदायिक विद्यालयका शिक्षकले कुनै पनि राजनीतिक दलको सदस्यता लिन नपाउने, कुनै राजनीतिक दलको कार्यक्रममा सहभागी हुन, समर्थन वा विरोध गर्न नपाउने व्यवस्था छ । यसैगरी, कुनै कम्पनी, सहकारी सङ्घ/संस्थामा, उपभोक्ता समिति, उद्योग, प्रतिष्ठानलगायतमा संलग्न रहन नहुने भन्ने छ । शिक्षकले अवकाशपछि पाइरहेको निवृत्तिभरणलाई पनि योगदानमा आधारित भनेको छ । शिक्षक, विद्यार्थी वा अभिभावकले चाहेको यस्तो व्यवस्था होइन । शिक्षक समाजका अगुवा हुन् । हरेक कुरामा शिक्षकलाई बन्देज गरिने हो भने समाज सुस्त, गतिहीन बन्न सक्छ । विद्यालय क्षेत्रमा राजनीतिक रङ्ग कसैले पनि नदिने, जसले त्यस्तो गलती गर्छ, उसलाई कडा कारबाईको व्यवस्था हुनुपर्छ भन्ने हो । विद्यालय समयबाहेक पनि शिक्षकलाई बन्धनमा बाँध्नु न्यायोचित होइन । शिक्षण पेशा सकिएपछि एउटा शिक्षक समाजमा घुलमिल हुनै नसक्ने अवस्था सिर्जना गरिनुहुन्न । परिवर्तित समयसँगै नयाँ पुस्ताको माग र आवश्यकतालाई हल गर्नेगरी विधेयक आएन । शिक्षा गतिशील हुनुपर्छ । यसमा नवीनता थपिँदै जानुपर्छ । तर यो विधेयकमा तीन तहका सरकारको अधिकार बाँडफाँट गर्ने र शिक्षकलाई नियममा बाँध्नेबाहेक नयाँ योजना केही देखिएन ।**

# अकारण चिनियाँ ऋणको भारी किन बोक्ने ?

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**हाम्रो मिथिलातिर एउटा चर्चित लोकोक्ति पनि छ । सकल गाई बाभन के दान (मर्न लागेको गाई बाहुनलाई दान गर्नु) । कतै चीनले पनि त यस्तै गरेको होइन ? उड्न नसक्ने विमान नेपाललाई अनुदान र त्यसको सट्टामा ऋण पनि बोकाइदिने ?**

भोलिदेखि हुन लागेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणमा नेपालको निम्ति गलपासो बनेको छवटा चिनियाँ विमानको विषय पनि चर्चामा रहने निश्चित छ । चिनियाँ कम्पनी हार्बिन एयरक्राफ्ट ग्रुपले निर्माण गरेका न्यारोबडीका यी विमान चलाउँदा लगातार घाटा हुन थालेपछि थन्काउन निगम बाध्य भएको छ । विमान थन्काउँदा पनि निगमलाई सुख छैन किनभने ऋणमा लिइएको विमानको ब्याज बढ्दै गएको छ । तसर्थ यसको ऋण मिनाहाको विषयमा चर्चा हुनु आवश्यक छ ।

डा बाबुराम भट्टराई नेतृत्वको मधेसी दल सम्मिलित साझा सरकारले २०६९ मा चीन सरकारसित विमान खरीद तथा ऋण लगानीसम्बन्धी सम्झौता गरेको थियो । नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुन त्यति बेला अर्थमन्त्री थिए । अर्थ मन्त्रालयका तत्कालीन एक सहसचिवले चिनियाँ विमान कमसल, सुरक्षाका दृष्टिकोणबाट परीक्षण नभएका, चीनको ऋण महँगो हुने, ती विमानले इन्धन पनि अत्यधिक खपत गर्ने खालका भएको टिप्पणी गरेका थिए तर तत्कालीन प्रधानमन्त्री भट्टराईले ती सहसचिवलाई पटक-पटक बोलाएर सोधपूछ गरेका थिए र पछि तिनको सरुवा गरेका थिए । ती सहसचिवले तत्कालीन अर्थमन्त्री पुनसँग पनि चिनियाँ विमान खरीद गर्दा युरोपियन युनियनले नेपाललाई कालोसूचीमा राख्न सक्ने खतरा रहेको भनेर सूचित गरेका थिए तर चीनसित विमान खरीद गर्ने कुरा भएपछि कम्युनिस्ट र त्यो पनि माओवादी भएका कारण विरोध गर्ने कुरा पनि भएन । भनिन्छ, यसमा चिनियाँ एजेन्ट सक्रिय थियो र देशको हितभन्दा पार्टीको र निजी हितलाई प्राथमिकता दिइयो ।

डा बाबुराम भट्टराईपछि खिलराज रेग्मी नेतृत्वको सरकारको पालामा २०७० मङ्सिर १३ गते चिनियाँ विमान किन्ने प्रस्ताव अनुमोदन भयो । त्यसको एक साताभित्रै मङ्सिर २० गते युरोपियन युनियनले नेपालको आकाशलाई असुरक्षित सूचीमा राख्यो । तत्कालीन मुख्यसचिवले पनि चिनियाँ विमान नेपालका लागि उपयुक्त नहुने, यहाँ चल्न नसक्ने भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए । नेपाल वायुसेवा निगम पनि चिनियाँ विमान किन्ने निर्णयबाट असन्तुष्ट थियो तर सरकार जसरी पनि किन्ने पक्षमा थियो । नेपालमा चिनियाँ विमान खरीद विषयमा विवाद हुन थालेपछि चिनियाँ पक्ष सहजीकरण गर्न दुईवटा विमान अनुदानमा दिन तयार भएको थियो । २०७० फागुन १४ गते अर्थ मन्त्रालय र चिनियाँ पक्षबीच ऋण सहायता सम्झौता भएको थियो, जस अनुसार चीन सरकारले एउटा ५६ सिट क्षमताको एमए-६० र अर्को १७ सिट क्षमताको वाइ-१२ ई विमान अनुदानमा दिने भयो ।

अनुदानमध्येका एमए-६० विमान २०७१ वैशाखमा र वाई १२ ई सोही वर्ष कात्तिकमा नेपाल भित्रिए । बाँकी चारवटा विमानमध्ये एउटा एमए-६० को एक खर्ब ६५ करोड र तीनवटा वाई-१२ ई को प्रतिविमान ४७ करोड २७ लाख मूल्य परेको हो । जसको कुल मूल्य तीन अर्ब छ करोड रुपैयाँभन्दा बढी हुन आउँछ । उक्त रकम चिनियाँ एक्जिम बैंकको वार्षिक १.७५ प्रतिशत ब्याजदरमा ऋणमार्फत भुक्तान गरिएको छ । किनिएका बाँकी विमान २०७३ माघ र २०७४ फागुनमा ल्याइएका थिए । अन्तिम दुईवटा विमान २०७५ वैशाखमा चिनियाँ सरकारी एजेन्सी एभिक इन्टरनेशनल र काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक समारोहबीच हस्तान्तरण गरिएका थिए । त्यसभन्दा अघि आएका चारवटा विमान निगमले अपरेशनलरूपमा सञ्चालनमा ल्याउन सकेको थिएन । निगम अनुसार चिनियाँ पक्षले त्यतिन्जेलसम्म प्रशिक्षक पाइलट नपठाइदिएको र आवश्यक स्पेयर पाट्र्स अभावका कारण अपरेशनलरूपमा चल्न सकेका थिएनन् । अपरेशनमा जानुअघि नै यी चिनियाँ विमानले आर्थिक वर्ष २०७३/७४ र २०७४/७५ मा निगमलाई ९१ करोड नोक्सानी गराइसकेको थियो । निगमका तत्कालीन महाप्रबन्धकले विमान सञ्चालनमा समस्या रहेकाले चीनको सहयोगविना यी छवटै विमान सञ्चालन सम्भव नहुने बताएका थिए । बाध्य भएर निगमले महँगो खर्च गरेर पाइलट तयार पारी सञ्चालन गऱ्यो तर ती पाइलट पनि धेरै दिन टिक्न सकेनन् । अन्य प्राविधिक समस्या पनि धेरै थिए । २०७५ साउनदेखि फागुनसम्ममा मात्रै निगमले झन्डै ३४ करोड घाटा सहनुपऱ्यो । २०७६ सालमा नै नेपाल वायुसेवा निगमका पूर्वअध्यक्षले नेपालको भौगोलिक अवस्था र प्राविधिक दृष्टिकोणबाट उडान गर्न नसक्ने भएकोले उपयुक्त व्यवस्थापन गर्नुपर्ने सुझाव दिएका थिए ।

लगातार घाटा हुन थालेपछि २०७७ सालदेखि निगमले यी विमान थन्काएर राखेको छ । एउटा विमान पहिल्यैदेखि नेपालगंजमा दुर्घटनामा परेर थन्किएको थियो । यो विमान सञ्चालन हुनुभन्दा अगाडिदेखि नै निगमलाई नोक्सानी पुऱ्याइरहेपछि चिनियाँ ऋणको हालसम्म एउटा किस्ता पनि दिइएको छैन । ब्याज कति पुग्यो ? यसको पनि हिसाबकिताब भएको छैन । हालसम्म यी विमानको नाममा अर्बौं घाटा बेहोरिसकेको निगमका एक अधिकारीको दाबी छ । स्पेयर पाट्र्स, पाइलट उत्पादन र अन्य खर्चको हिसाब गर्न पनि बाँकी छ । विमान खरीदको ऋण त अर्बौंमा हुने, विमान ग्राउन्डेड गरेर वायुसेवा निगमले व्यवस्थापन गर्न विकल्पसहित अर्थ मन्त्रालयलाई पत्राचार गरेको थियो । त्यसपछि अर्थ मन्त्रालयले उक्त विमान लिजमा दिन वा बिक्री प्रक्रिया अघि बढाउन पर्यटन मन्त्रालयलाई निर्देशन दिएको थियो । पर्यटन मन्त्रालयले त्यसपछि २०७८ कात्तिकमा निगमका कार्यकारी अध्यक्षको नेतृत्वमा विमान मरम्मत गरी सञ्चालन गर्न सकिन्छ वा सकिँदैन भनी अध्ययन गर्न उपसमिति गठन गऱ्यो, जसले पाइलट र पार्टपुर्जा अभावले सञ्चालन गर्न नसकिने सुझाव दियो ।

एक वर्षअघि पर्यटन मन्त्रालय र निगम सञ्चालक समितिको बैठकले विमान भाडामा दिने निर्णय गरी ४५ दिने सार्वजनिक सूचना पनि जारी गरे तर कसैले पनि चासो नदेखाएपछि थप १५ दिनको लागि म्याद बढाइयो तर त्यसमा पनि भाडामा लिन कोही तयार नभएपछि सरकारले यसलाई बिक्री गर्नुको विकल्प रहेन । अनुदानका विमान रहेकाले सरकारले दुई देशको सहमतिमा उपर्युक्त निर्णय लिएपछि मात्रै समस्याको समाधान हुनेछ । यसै सातादेखि प्रधानमन्त्री प्रचण्डको उत्तरी छिमेकी चीनको भ्रमण पनि हुन लागेको छ । यस्तोमा थन्किएका चिनियाँ विमान र बढिरहेको ऋणको भाखाबारे उपयुक्त निर्णय हुन सक्ने आशा गर्नुको विकल्प पनि छैन ।

निगमले चीन सरकारबाट ऋण मिनाहाको अपेक्षा राखेको छ । अहिले चीनसँग निकट सम्बन्ध भएको नेकपा माओवादी केन्द्र नेतृत्वको सरकार छ । विमान खरीदको सम्झौता पनि यसै पार्टी नेतृत्वको सरकारको पालामा भएको हो । तसर्थ चिनियाँ ऋणलाई माफी गराउन प्रधानमन्त्री प्रचण्ड सफल हुने अपेक्षा गर्न सकिन्छ । नभए चिनियाँ ऋणलाई अनुदानमा परिणत गर्न लगाए पनि त्यो महत्त्वपूर्ण उपलब्धि नै हुनेछ । चिनियाँ विमानको ऋणलाई अनुदानमा परिणत गर्ने विषयबारे प्रधानमन्त्री प्रचण्डले चीन भ्रमणमा छलफल गर्ने सम्भावना छ । यस मुद्दालाई प्रभावकारीरूपमा उठाउनुपर्नेमा जोड दिइएको छ ।

हाम्रो मिथिलातिर एउटा चर्चित लोकोक्ति पनि छ । सकल गाई बाभन के दान (मर्न लागेको गाई बाहुनलाई दान गर्नु) । कतै चीनले पनि त यस्तै गरेको होइन ? उड्न नसक्ने विमान नेपाललाई अनुदान र त्यसको सट्टामा ऋण पनि बोकाइदिने ?

# ‘अल्जाइमर्सले बिर्सने मात्रै होइन, कार्यक्षमतामैं ऱ्हास ल्याउँछ’

चितवन, ४ असोज/रासस

अल्जाइमर्स रोगले बिर्सने मात्रै नभएर कार्यक्षमतामा ऱ्हास ल्याउने विज्ञहरूको भनाइ छ । विश्वभर नै यो रोगका कारण धेरैले दुःख पाउँदै आएका छन् ।

भरतपुर अस्पतालका न्यूरोलोजिस्ट (स्नायुरोग विशेषज्ञ) डा नीरज गौतमले अल्जाइमर्स बिर्सने मात्रै समस्या नभएको बताए । उनले भने, “यसले हाम्रो मस्तिष्कको कार्यक्षमतामा समेत ऱ्हास ल्याउँछ ।” उनले भविष्यमा के गर्ने भनेर योजना बनाउने कुरा, आज के खान्छु ? कस्तो लुगा लगाउँछु ? जस्ता कुरामा समेत असर पार्ने बताए ।

आम नागरिकले यो रोगलाई बुढेसकालमा लाग्ने रोग र बिर्सने समस्याका रूपमा बुझ्ने गरेको भन्दै उनले भने, “यो केही हदसम्म सही पनि हो, तर कतिपय समाजमा कतिपय मानिसहरूलाई सानै उमेरमा पनि यो समस्या आउने र धेरैजसो बिर्सने रोग अल्जाइमर्स मात्र नभएर थप अरू रोग पनि हुन सक्ने सम्भावना हुन्छ ।”

अल्जाइमर्सलाई बिर्सनेबाट शुरू भएको रोग मान्न सकिने जनाउँदै उनले अन्तिम अवस्थामा पुगेपछि मस्तिष्कले गर्ने सम्पूर्ण कार्यदक्षतामा ऱ्हास आएर हिंड्नमा अप्ठ्यारो हुने, हातखुट्टासमेत नचल्ने जस्ता समस्या हुने बताए ।

विश्वमा करीब पाँच करोड व्यक्ति अल्जाइमर्स रोगबाट पीडित रहेका उनको भनाइ छ । सन् २०५० सम्म यो सङ्ख्या अहिलेको भन्दा तीन गुणासम्म बढ्न सक्ने अनुमान गरिएको उनी बताउँछन् ।




नेपालमा यकीन तथ्याङ्क उपलब्ध नभए तापनि करीब ८० हजारदेखि एक लाख २० हजारसम्म व्यक्तिलाई बिर्सने समस्या भएको गौतमले जानकारी दिए । उनले भने, “तीमध्ये एक नम्बर कारण अल्जाइमर्स नै रहेको छ ।”

अल्जाइमर्स पहिचान गर्न कठिन हुने जनाउँदै उनले भने, “यसको लक्षण शुरू भएपनि धेरै मानिसले बुढ्यौलीपनकै समस्या भन्ने ठानेर त्यसलाई नजरअन्दाज गरेर बस्नुहुन्छ ।” आफ्नो दैनिक काम नै गर्न नसक्ने धेरै जटिल अवस्थामा पुगेपछि मात्र अल्जाइमर्स हो कि भनेर बिरामीलाई चिकित्सककहाँ लिएर आउने गरेको उनको अनुभव छ ।

जनमानसमा बुढ्यौलीपन र अल्जाइमर्सको बिर्सनेपन छुट्याउन कठिनाइ भएको कारणले गर्दा जटिल अवस्थामा मात्र बिरामीलाई चिकित्सककहाँ ल्याउने गरेको उनको भनाइ छ । उनले भने, “धेरैजसो अल्जाइमर्स ६५ वर्ष कटेपछि नै हुन्छ, धेरै कम अल्जाइमर्स जसलाई हामी जेनेटिक अल्जाइमर्स पनि भन्छौं, त्यो चाहिं ६५ वर्ष उमेरभन्दा सानोमा पनि शुरू हुन्छ ।”

विश्वव्यापी सङ्ख्याले ६५ देखि ७५ वर्षको उमेरमा करीब एक हजारजना मानिसमध्ये पाँचजनालाई अल्जाइमर्स हुने र यो सङ्ख्या ८५ वर्ष उमेर कटेकामा भने एक हजारजनामध्ये ३७ देखि ४० जनामा हुने उनको भनाइ छ । उमेर बढ्दै जाँदा त्यसैगरी अल्जाइमर्स देखिँदै जान्छ ।

उमेरबाहेक उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मोटोपन, शारीरिक व्यायामको अभावजस्ता कारणले अल्जाइमर्स हुने डा गौतम बताउँछन् । स्वस्थकर खानपान र सक्रिय जीवनयापन गर्नुपर्ने भन्दै उनले भने, “चिल्लोपन, अत्यधिक मद्यपान र धूमपानले पनि अल्जाइमर्सलाई बढाउँछ ।”

अल्जाइमर्स आफैंमा क्रमशः बढ्दै जाने रोग भएपनि यो एकदमै बिस्तारै हुन्छ । डा गौतमले भने, “अल्जाइमर्स आफैंबाट मृत्यु चाहिं हुँदैन, हेरचाह राम्रो भयो भने ज्यानको खतरा हुँदैन ।” बुढेसकालमा सबैलाई अल्जाइमर्स हुन्छ नै भन्ने नभएको भन्दै उनले बिर्सने समस्या बढ्दै गएपछि चिकित्सकको परामर्श लिनुपर्ने बताए ।

अल्जाइमर्सको औषधि दिएर कत्तिको सुधार हुन्छ भनेर हेर्नुपर्ने बताउँदै उनले भने, “कसैलाई राम्रो फाइदा पनि हुन सक्छ, कसैलाई फाइदा गरेन भने औषधि रोक्नुपर्ने हुन सक्छ ।” बिरामीलाई घरपरिवारले राम्रो हेरचाह गर्नुपर्ने उनको भनाइ छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

# नेपालमा विदेशी लगानीको सम्भावना : आशा र निराशा

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपाल विकासशील राष्ट्र भएकोले यसलाई विकास एवं निर्माणको लागि ठूलो परिमाणमा पूँजी आवश्यक छ। नेपाललाई आवश्यक पर्ने ठूलो पूँजीका लागि दुईवटा स्रोत अति भरपर्दो हुन सक्छ। पहिलो स्रोत हो– स्वदेशी व्यापारीहरूबाट लगानी। दोस्रो, विदेशमा बस्ने नेपालीहरूबाट लगानी।**

नेपालमा विदेशी लागानीको पर्याप्त सम्भावना छ। मुख्यगरी नेपालको पर्यटन क्षेत्रमा विदेशी व्यापारीहरूले ठूलो रकम लगानी गर्न सक्ने देखिन्छ। नेपालको अर्थतन्त्र परिपक्व (matured ) नभएकोले नेपाल उनीहरूको लागि लगानी गर्नका लागि अति आकर्षक लगानी–क्षेत्र हुन सक्छ। पहाडी क्षेत्रहरूमा पर्यटन पूर्वाधार विकासमा विदेशी लगानीकर्ताहरूले ठूलो रकम लगानी गरेर राम्रो मुनाफा पनि हात पार्न सक्छन्।

समाचार संस्था कान्तिपुरका अनुसार चालू आर्थिक वर्षको भदौमा ३ अर्ब ८ करोड १० लाख रुपियाँ विदेशी लगानी प्रतिबद्धता आएको छ। चालू आर्थिक वर्षको साउनमा १३ अर्ब १३ करोड ६० लाख रुपियाँ विदेशी लगानी प्रतिबद्धता आएको थियो। गत आर्थिक वर्षमा ३८ अर्ब ४० करोड ७५ लाख विदेशी लगानी प्रतिबद्धता आएको थियो।

अब नेपालमा कुन समयमा कति विदेशी लगानी प्राप्त भयो त्यसतर्फ हेरौं। लगानी प्रतिबद्धता र यथार्थमा भएको लगानी रकमबीच तुलना गरौं–

चालू आर्थिक वर्षको साउनमा खुद विदेशी लगानी २ अर्ब ६४ करोड ६२ लाख रुपियाँ मात्र आयो। तर सोही अवधिमा विदेश लगानी प्रतिबद्धता भने १३ अर्ब १३ करोड ६० लाख आएको थियो। अर्थात् प्रतिबद्धताभन्दा १० अर्ब ४८ करोड ९८ लाख विदेशी लगानी कम आएको (प्राप्त भएको) थियो।

यसैगरी आर्थिक वर्ष ०७८–७९ मा १९ अर्ब २१ करोड ९० लाख रुपियाँ विदेशी लगानीको रूपमा नेपाल भित्रिएको थियो। तर सो अवधिमा ५४ अर्ब १५ करोड रुपियाँको लगानी प्रतिबद्धता प्राप्त भएको थियो। यसरी प्रतिबद्धताभन्दा ३४ अर्ब ९३ करोड १० लाख रुपियाँ कम प्राप्त भएको थियो।

माथिका सङ्ख्याहरूले एउटा तथ्य सबैले सजिलै बुझ्नेगरी के भन्छन् भने नेपालमा जुन सङ्ख्या वा जति विदेशी व्यापारीहरूले लगानी गर्ने प्रतिबद्धता जाहेर गर्छन् त्योभन्दा निकै कम लगानी प्राप्त हुँदो रहेछ। अर्थात् नेपाल विदेशी व्यापारीहरूका लागि लगानी गर्न सकिने एउटा आकर्षक क्षेत्रको रूपमा परिचित एवं विश्वस्त हुन सकेको छैन। विदेशी व्यापारीहरूले नेपालमा लगानी गर्दा पूर्ण विश्वासका साथ गर्दा रहेन छन्। उनीहरूको मनमा अनेक शङ्का–उपशङ्काको प्रतिक्रिया हुँदो रहेछ।

**अपेक्षाकृत परिमाणमा किन विदेश लगानी प्राप्त भइरहेको छैन ?**

यो प्रश्नको उत्तर अति सरल छ। नेपालका राजनीतिक दलहरूमा नेपालको आर्थिक विकासको लागि साझा धारणाको सर्वथा अभाव छ। अहिलेसम्म यी राजनीतिक दलका नेताहरूबीच साझा धारणा निर्माण हुन सकेको छैन। यी दलहरूबीच राजनीतिक दर्शन, धारणा, कार्यक्रम, योजना फरक भए तापनि देशको आर्थिक विकासको लागि भने साझा धारणा हुन आवश्यक छ। साझा धारणा नबनेसम्म नेपालमा विदेशी लगानी त परको कुरा, राष्ट्रिय स्तरबाट पनि ठूलो लगानी प्राप्त हुन कठिन छ। राजनीतिक दलका यी नेताहरूबीच एउटा साझा धारणा नभएकोले देशभित्र नै पनि, स्वदेशी लगानीकर्ताहरू लगानी गर्न सशङ्कित छन्।

**निष्कर्ष:** नेपालमा राजनीतिक दलका नेताहरूबीच देशको आर्थिक विकासबारे एउटा साझा धारणा नभएकोले नेपालमा विदेशी लगानी आउन कठिन भइरहेको छ।

नेपालको राजनीतिमा कम्युनिस्टहरूको अति प्रभाव भएको कारण पनि नेपालमा विदेशी लगानी आउन कठिन भइरहेको छ। नेपालका कम्युनिस्टहरू राष्ट्रिय राजनीतिमा यतिसम्म बलियो एवं प्रभावशाली छन् कि अल्पमतमा रहेर पनि सरकारको नेतृत्व गर्ने क्षमता राख्छन्। षड्यन्त्र, जालझेल, दाउपेचमा, रणनीति निर्माणमा पनि यिनीहरू निकै अगाडि छन्। यो कारणले गर्दा नै पुष्पकमल दहालको नेतृत्वमा, उनको दल अल्पमतमा रहे पनि, नेकपा माओवादी सरकार गठन भएको छ। सानो दलको नेतृत्व गरेर पनि पुष्पकमल प्रधानमन्त्री हुन सफल भएका छन्।

विश्व–अर्थ व्यवस्थाको विश्लेषण गर्ने हो भने ठूलो पूँजी पश्चिमी राष्ट्रहरूको हातमा छ। त्यहाँका व्यापारीहरूले ठूल्ठूला उद्योगमा लगानी गर्ने क्षमता राख्छन्। विदेशी कम्पनीहरूमा ठूलो परिमाणमा रकम लगानी गर्न सक्ने क्षमता राख्छन्। अर्कोतिर पश्चिमा राष्ट्रका सरकारहरू प्रजातान्त्रिक सरकार भएकाले उनीहरूले कम्युनिस्टहरूले नेतृत्व गरेको सरकारलाई शङ्काको नजरले हेर्छन्। कम्युनिस्टहरूले नेतृत्व गरेको सरकारलाई पत्याउँदैनन्। नेपालको राजनीतिमा जहिले पनि कम्युनिस्टहरूको वर्चस्व रहेको साथै काङ्ग्रेसलाई पनि आफूले चाहेको दिशामा डोर्‍याउन सक्ने क्षमता कम्युनिस्टहरूसँग रहेकोले पश्चिमा राष्ट्रका व्यापारीहरूले मन खोलेर नेपालमा लगानी गर्न सकेका छैनन्। कम्युनिस्ट (पुष्पकमल) ले काङ्ग्रेस शेरबहादुर) लाई आफ्नो पछि लगाउन सक्ने क्षमता रहेको स्थितिलाई पश्चिमा व्यापारीहरूले बडो सतर्कताका साथ हेरिरहेका छन्।

विगत केही दशकदेखि नेपालको राजनीतिमा एउटा अचम्मको परिदृश्य देखिएको छ। त्यो परिदृश्य के हो भने कम्युनिस्ट (मुख्यगरी माओवादी) मदारी बनेको छ भने अरू दलहरू बाँदर। अन्य सबै दल कम्युनिस्टको इशारामा बाँदर जस्तो नाचिरहेका छन्। अन्य दलहरू आफ्नो प्रजातान्त्रिक मूल्य, मान्यता, आदर्श बिर्सेर शक्ति र सत्ताको लागि माओवादीको इशारामा बाँदरजस्तो नाचिरहेका छन्। यो विशिष्ट र अनौठो स्थिति विदेशी लागनीकर्ताहरूको लागि अनुकूल नभएकोले नेपालमा लगानी गर्न उत्सुक भइरहेका छैनन्। नेपालको राजनीतिमा कम्युनिस्टहरू वर्चस्व रहेसम्म नेपालमा विदेशी लगानी न्यून मात्र हुनेछ।

नेपाल विकासशील राष्ट्र भएकोले यसलाई विकास एवं निर्माणको लागि ठूलो परिमाणमा पूँजी आवश्यक छ। नेपाललाई आवश्यक पर्ने ठूलो पूँजीका लागि दुईवटा स्रोत अति भरपर्दो हुन सक्छ। पहिलो स्रोत हो– स्वदेशी व्यापारीहरूबाट लगानी। दोस्रो, विदेशमा बस्ने नेपालीहरूबाट लगानी।

नेपालका राजनीतिक दलहरूले माथि भनिएका दुवै स्रोतको राम्रो उपयोग हुने आर्थिक नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक छ। सोही अनुरूप ऐन र कानून बनाउन आवश्यक छ। नेपालमा, विदेशमा बस्ने नेपालीहरूलाई, लगानी गर्न सजिलो होस् भन्ने किसिमबाट संविधान संशोधन गर्न पनि आवश्यक छ। केवल चुनावमा उम्मेदवार हुन तथा भोट हाल्न नपाउने गरी, विदेशमा बसेका नेपालीहरूलाई, सरकारले दुई देशको नागरिकता दिन आवश्यक छ।

विदेशमा बसेका नेपालीहरूलाई दोहरो (आफू बसेको देश र नेपालको) नागरिकता दिने व्यवस्था नेपालले गर्नासाथ नेपालमा विदेशी लगानी वृद्धि हुन्छ। देशभित्र ठूलो परिमाणमा लगानीको लागि नेपालले विदेशी लगानीकर्ताहरूको मुख ताक्नुपर्दैन।

हाम्रो आन्तरिक (स्वदेशी) बजार बलियो हुनेगरी हामीले बाह्य लगानीको उपयोग गर्नुपर्छ। छेउमा चीन र भारत जस्ता बृहत् अर्थ व्यवस्था भएका राष्ट्रहरूलाई हामीले वस्तुहरू निर्यात गरेर मुनाफा प्राप्त गर्न सक्ने सम्भावना ज्यादै न्यून छ। त्यसकारण केही सीमित वस्तु, जसको बलियो प्रतिस्पर्धात्मक क्षमता छ, त्यस्ता वस्तु मात्र उत्पादन गरेर विदेशी बजारहरूमा बिक्री गर्न आवश्क छ। यसै गरी राष्ट्रभित्र खपत हुने वस्तुहरूको उत्पादन गर्न जोड दिन आवश्यक छ।

राष्ट्रको आर्थिक विकासका लागि स्वदेशी लगानी एवं विदेशी लगानीको महत्त्वपूर्ण भूमिका तपसीलका कुराहरू हुन्। मुख्य कुरा त नेताहरूको चरित्र हो। उनीहरूको चरित्रमा देखिएको इमानदारीको क्षयीकरण हो। राष्ट्रको स्वार्थभन्दा आफ्नो स्वार्थलाई महत्त्व दिने उनीहरूको बेइमान नियतको कुरा हो।

**नेताहरूले के गर्ने त ?**

अर्थ व्यवस्थाको सम्बन्धमा महत्त्वपूर्ण निर्णय लिने निकायहरूमा नेताहरूले विज्ञहरूलाई पठाउनुपर्छ। पार्टीका कार्यकर्ता पठाउन बन्द गर्नुपर्छ। आफ्नो झोले कार्यकर्ताहरूलाई पठाउन बन्द गर्नुपर्छ। सरकार बनाउँदा, कुनै व्यक्ति कुनै पार्टीको महत्त्वपूर्ण पदमा छ भन्दैमा ऊ नै वाणिज्यमन्त्री, ऊ नै अर्थमन्त्री, ऊ नै उद्योगमन्त्री हुने कार्य तत्काल बन्द गर्नुपर्छ। झोले कार्यकर्ता वा नेता वा अध्यक्ष महत्त्वपूर्ण मन्त्रालयको मन्त्री हुने व्यवस्था तत्काल बन्द गर्नुपर्छ।

अहिलेको लागि नेताहरूले यति मात्र गरिदिए पनि नेपालको अर्थ व्यवस्था, जुन कछुवा चालमा छ, त्यसले राम्रो गति समात्ने छ। हामीले देशको आर्थिक विकास गर्नका लागि विदेशी लगानीको मुख ताक्नै पर्दैन, जापान, अमेरिका, क्यानाडा आदिले गरेझैं।



**जर्बुटाबाट देखिएको सुर्खेत विमानस्थल**: वीरेन्द्रनगर नगरपालिका–१३ जर्बुटाबाट देखिएको सुर्खेत विमानस्थलको धावनमार्ग र आसपासका क्षेत्र। तस्बिरः रासस

## आर्थिक सङ्कट समाधान गर्न एशियाली मुलुकबीच सहकार्यमा जोड

काठमाडौं, ४ असोज/रासस

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले हाल विश्वमा देखा परिरहेको आर्थिक सङ्कटको समाधानका लागि एशिया प्रशान्त क्षेत्रका मुलुकहरूका बीचमा सहयोग तथा सहकार्य हुनुपर्नेमा जोड दिएका छन्।

हाल विश्वका विभिन्न स्थानमा विविध विषय र क्षेत्रका अलगअलग समस्या उत्पन्न भइरहेका र यसका कारण बहुआयामिक चुनौतीहरू देखा परेकाले ती समस्याको समाधान गर्न एशियाली क्षेत्रमा सहकार्य र सहयोग हुनुपर्नेमा जोड दिएका हुन्।

जापानको राजधानी टोकियोमा आयोजित एशियन रोजगारदाता सम्मलेनमाई आज अध्यक्ष ढकालले शान्ति र स्थायित्वविना कुनै पनि समस्या समाधान गर्न सहज नहुने भन्दै सबै मिलेर काम गर्नुपर्नेमा जोड दिएको नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

अध्यक्ष ढकालले दिगो आर्थिक वृद्धि, रोजगार सिर्जना, श्रम आप्रवासन र सीप विकासलगायत एशिया प्यासिफिक क्षेत्रका साझा लक्ष्यहरू दोहोर्‍याउँदै, यस क्षेत्रका मुलुक र निजी क्षेत्रबीचको सहकार्य र समन्वयबाट मात्र यी चुनौतीको सामना गर्न सकिने बताए।

अध्यक्ष ढकालले द्रुत 'डिजिटलाइजेशन' र व्यवसाय सञ्चालनमा आर्टिफिसिएल इन्टेलिजेन्स (एआई)को एकीकरणतर्फ पनि ध्यानाकर्षण गराएका थिए। उनले सम्भावित असमानताहरूलाई न्यूनीकरण गर्न श्रमिकको सीप विकास तथा क्षमता अभिवृद्धि गर्नुपर्ने बताए।

ढकालले आर्थिक वृद्धि, रोजगार सिर्जना, साना तथा मझौला उद्यमलाई सहयोग, सामाजिक सुरक्षा, सीप विकास तथा सामाजिक संवादको सुदृढीकरणमा नेपाल प्रतिबद्ध रहेकोसमेत बताए।

नेपालमा लगानीको वातावरण सुधार हुँदै गएको र लगानीको प्रचुर सम्भावना रहेको बताउँदै अध्यक्ष ढकालले दुई ठूला र उदीयमान मुलुक चीन र भारतको बीचमा रहेकाले नेपालमा बजारको ठूलो सम्भावना रहेको पनि बताए। उनले नेपालको जलविद्युत्, पर्यटन पूर्वाधार विकासको क्षेत्र फस्टाउँदो रहेको र यी क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको बताए।

## १० अर्ब बराबरको विकास ऋणपत्र बिक्री गरिँदै

काठमाडौं, ४ असोज/रासस

नेपाल राष्ट्र बैंकले भोलि शुक्रवार रु १० अर्बको पाँच वर्ष अवधिको विकास ऋणपत्र खुलाउने भएको छ। पाँच वर्ष अवधिको विकास ऋणपत्र २०८५ 'ञ' बोलकबोल प्रक्रियाबाट निष्कासन गर्न लागिएको राष्ट्र बैंकले जनाएको छ।

बैंक तथा वित्तीय संस्था, गैरबैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा सर्वसाधारण नागरिकले यो विकास ऋणपत्र खरीद गर्न पाउनेछन्। यो ऋणपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनसमेत पाइनेछ।

यही असोज ५ गते मध्याह्न साढे १२ बजेसम्म बोलकबोल हुने ऋणपत्र असोज ७ गते निष्कासन हुनेछ। पाँच वर्ष अवधिको यो ऋणपत्रको साँवा भुक्तानी २०८५ असोज ७ गते हुनेछ।

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको 'कट–अफ' ब्याजदरलाई एकल ब्याजदर कायम गरी सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलवालालाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध गराइनेछ।

घटीमा रु पचास हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाइ रु ५० हजारले भाग गर्दा निश्शेष भाग जाने अङ्कमा खरीद गर्न पाइने राष्ट्र बैंकले जनाएको छ। प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरूलाई क्रमशः निष्कासित रकमको ८५ र १५ प्रतिशत अर्थात् रु आठ अर्ब ५० करोड र रु एक अर्ब ५० करोड छुट्याइएको छ। अप्रतिस्पर्धी बोलवालाहरूलाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरूलाई बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ।

यस ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमार्फत मात्र हुने जनाइएको छ।

## नेप्से परिसूचकमा उत्साहजनक वृद्धि

काठमाडौं, ४ असोज/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उत्साहजनक वृद्धि देखिएको छ। बिहीवारको कारोबारमा नेप्से परिसूचक ४४ दशमलव ३४ अङ्कले बढेर दुई हजार २९ दशमलव ७८ अङ्कमा कायम भएको छ।

आज विभिन्न २७८ कम्पनीका एक करोड १२ लाख ६४ हजार ३०९ कित्ता शेयर एक लाख १९ हजार ३५९ पटक खरीद–बिक्री हुँदा रु तीन अर्ब २९ करोड ३९ लाख २१ हजार ३६८ बराबरको कारोबार भएको छ।

आजको कारोबारमा जलविद्युत् र वित्त कम्पनीमा लगानीकर्ताको आकर्षण देखिएको छ।

जलविद्युत् समूहको उपसूचक पाँच दशमलव ३१ प्रतिशतले बढेको छ भने वित्त समूहको उपसूचक चार दशमलव ३८ प्रतिशतले बढेको छ। आजको कारोबारमा सबै समूहका उपसूचकमा हरियाली देखिएको छ।




आज चारवटा कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। जसमा नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड, दिव्येश्वरी हाइड्रोपावर, स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो।

साथै सबैभन्दा धेरै गुमाउने कम्पनीमा एनआइबिएल ग्रोथ फन्डको शेयर मूल्य चार दशमलव ०७ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको सबैभन्दा धेरै रु २० करोड १८ लाख ३६ हजार ४८३ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको सात लाख २९ हजार २३२ कित्ता शेयर किनबेच भएका छन्।

# सबल अर्थतन्त्रका लागि आर्थिक सहभागिता

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**संस्थागत आर्थिक सहभागिताले नयाँ व्यवसाय स्थापना र रोजगार सिर्जना गर्न सहयोग गर्छ । नागरिकको आर्थिक सहभागिताले गाँस, वास, कपासजस्ता आधारभूत आवश्यकता पूर्तिमा सहयोग गर्ने हुँदा यसले शिक्षा, स्वास्थ्य तथा नैसर्गिक अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।**

विगत केही वर्षदेखि नेपालमा पूँजीगत खर्च वृद्धि हुन सकिराखेको छैन। पूँजीगत खर्च वृद्धि हुन नसक्दा अर्थतन्त्र दबाबमा परेको छ । यसले विकास निर्माणका नयाँ नयाँ परियोजनाहरू कार्यान्वयन हुन नसक्दा रोजगार सिर्जनामा समेत अवरोध उत्पन्न भएको छ । पूँजीगत खर्च गर्न नसक्दा मुलुकको आर्थिक वृद्धिदरको सरकारी प्रक्षेपणको लक्ष्यसमेत पूरा हुन नसक्ने अवस्था सिर्जना भएको छ । पूँजीगत बजेट नै खर्च हुन नसकेको अवस्थामा विकास निर्माण कार्यले पूर्वनिर्धारित उपलब्धि हासिल गर्न सक्दैन। फलस्वरूप मुलुकमा बढ्दो गरीबी, बेरोजगारी, उच्च मुद्रास्फीति, भ्रष्टाचार, अनिश्चित रेमिट्यान्स, गिर्दो निर्यात, बढ्दो आयात, उच्च व्यापार घाटा, कमजोर उद्योग निर्माण क्षेत्र, कृषिको न्यून उत्पादकत्व र सीमित मुलुकसँग उच्च निर्भरताले गर्दा दैनिक उपभोग्य वस्तुमा समेत आत्मनिर्भर हुन नसक्ने अवस्था छ । घट्दो राजस्व, अपर्याप्त वैदेशिक मुद्राको सञ्चिति, बढ्दै गएको ऋणको भार, गुणात्मक शिक्षाको अभाव र शिक्षण संस्थामा अधिकतम व्यक्तिको न्यून पहुँचलगायत समग्र 'म्याक्रो-इकोनोमिक' क्षेत्र नेपालको विद्यमान नीतिहरूको समन्वय र कार्यान्वयन स्थितिको दुर्बलताले गर्दा जन्मेका हुन् ।

नेपालमा कुल जनसङ्ख्याको ६६ प्रतिशत कृषिमा रहेको एक अध्ययनले देखाएको छ। तीमध्ये पूर्ण बेरोजगारीको दर ११.२ प्रतिशत, वैदेशिक रोजगारमा जानेको सङ्ख्या १७ प्रतिशत तथा १० प्रतिशत व्यवसायजन्य क्रियाकलापमा संलग्न भएकामध्ये तीन प्रतिशत मात्र स्थापित भएका र ७ प्रतिशत प्रतिकूल व्यावसायिक अवस्थाबीच गुज्रिरहेको सो अध्ययनले देखाएको छ । मुलुकभित्र सञ्चालित आर्थिक व्यावसायिक गतिविधिमा संस्था वा व्यक्तिको सहभागितालाई आर्थिक सहभागिता भन्ने हो भने ११ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक क्रियाकलापबाट बाहिर रहेको देखिन्छ। आर्थिक संलग्नताले व्यक्ति वा व्यावसायिक संस्थाको आर्थिक स्थितिलाई सुधार गरी बलियो बनाउन सहयोग गर्छ। आर्थिक स्रोतमा पहुँच वृद्धि गरी भएको सहभागिताले आर्थिक, स्वास्थ्य र सामाजिक अवसर प्रदान गर्छ । तर, मुलुकमा उपलब्ध आर्थिक स्रोतसाधनमा वास्तविक सरोकारवालाको पहुँच कम हुँदा र सीमित व्यक्तिले व्यक्तिगत तथा कुनै संस्थाको नाममा यस्ता साधनमाथि एकाधिकार जमाउँदा जनसङ्ख्याको थोरै प्रतिशत मात्र आर्थिक क्रियाकलापबाट बाहिरिएको देखिए पनि अर्थतन्त्र सङ्कटमा रहेको छ । केही व्यक्ति आर्थिक क्रियाकलापमा संलग्न भई आर्थिक प्रगतिद्वारा समाजमा आफ्नो मानसम्मान र पहिचान स्थापित गरेका छन् ।

सामान्यतया व्यक्तिगत आर्थिक क्रियाकलापभित्र पूँजीलाई विभिन्न क्षेत्रमा लगानी गरी पूँजी वृद्धि गर्ने, व्यापार गर्ने, व्यवसाय खोल्ने, रोजगार गर्ने, आफूमा भएको विशेषज्ञता सेवा प्रदान गर्ने, उत्पादन गर्नेजस्ता क्रियाकलाप पर्छ। त्यस्तै संस्थागत आर्थिक क्रियाकलापमा व्यापारिक संस्था, गैरसरकारी संस्था, निगम तथा सामाजिक संस्था र अर्धसरकारी निकायका आर्थिक क्रियाकलाप पर्छन् । त्यस्ता संस्थाहरू बजारचक्रमा भाग लिई उत्पादन, वितरण, बजार प्रबन्धनसहितका क्रियाकलाप गर्छन्। सामाजिक, शैक्षिक, पर्यावरणीय, स्वास्थ्य आदि सेवा प्रदान, सडक निर्माण, विद्युत् जडान, जलवायु अनुसन्धान, शिक्षा, स्वास्थ्य क्षेत्रमा वित्तीय प्रबन्धन, लेखापरीक्षण, आर्थिक प्रबन्धन, अनुसन्धान र प्राविधिक काम, गरीबी निवारणजस्ता गतिविधि सञ्चालन गरी आर्थिक क्रियाकलापमा संलग्न हुन्छन्। त्यसैले संस्थागत आर्थिक सहभागिताले आर्थिक क्रियाकलाप व्यवस्थितरूपमा चलायमान बनाई छिटो समृद्धि ल्याउन सहयोग गर्छ ।

हुनत नवप्रवर्तन, उद्यमी, आर्थिक सिर्जनशीलता र आर्थिक अवसर वृद्धिमा मुलुक पछाडि परेको छ। राज्यको अस्पष्ट नीति र राजनीतिक नेताको अक्षमताका कारण थुप्रै जनशक्ति र प्रतिभा विदेश पलायन भएको छ । जसमा प्राविधिक, शिक्षित, विभिन्न सीप तथा विशिष्ट क्षमताका विज्ञ, सक्षम लगानीकर्ता, कुशल प्रशासक आदि छन् । सरकारले राजस्व सङ्कलन वृद्धि गर्न घरजग्गा, सेयर कारोबार, आयातित सामानको भन्सार करजस्ता अनुत्पादक क्षेत्रको सहयोग लिनुपर्ने र विदेशबाट आएको रेमिट्यान्सको भरमा अर्थतन्त्र चलाउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। यसरी अर्थतन्त्रबारे सर्वत्र चिन्ता र नैराश्य देखिएको अहिलेको अवस्थामा यसलाई हटाउन सरकारले विशेष पाइला चाल्नुपर्ने आवश्यकता देखिएको छ। यसका लागि सबैभन्दा पहिले सरकारले सर्वसाधारण र निजी क्षेत्रको मनोबल उच्च राख्न सक्नुपर्दछ। यसका साथै मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारेर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । यसका लागि मुख्यतः तीनवटा प्रस्ताव अगाडि सार्नु उपयुक्त हुन्छ ।

पहिलो, आर्थिक चरित्र निर्माणका लागि उपयुक्त विधि र प्रक्रिया विकासमा जोड दिनुपर्दछ। यस अन्तर्गत उद्योगमा वित्तीय व्यवस्थापन, आधारभूत ऋणको साङ्गठनिक व्यवस्थापन र मूल्य नीति पर्दछ। दोस्रो, प्रशासनिक चरित्र निर्माणको विधि अवलम्बन गर्नुपर्दछ । यस अन्तर्गत अधिकारीको नियुक्ति, विश्वासको आधार, तालीम, एक अर्काबीच सामग्री हस्तान्तरण गर्दाको जिम्मेवारी तथा योजना निर्माण र कर्तव्यपालन नगर्दा गरिने कारबाई एवं हटाइने विधि प्रक्रिया पर्दछन् । तेस्रो, उत्पादन योजनाको चरित्र निर्माण गर्ने विधि । यस अन्तर्गत उत्पादन र 'डिस्पोजल'को बृहत योजना, निरीक्षण तथा नापजाँच योजना, कार्यान्वयन योजना पर्दछ । यसका अतिरिक्त नयाँ आर्थिक नीतिमा गाउँ र दूरदराजका क्षेत्रलाई रेलवे र सडक सञ्जालमार्फत जोड्ने, सडक सञ्जालबाट जोडिएका ती गाउँ र बजारहरूमा नयाँ माटो सुहाउँदो उत्पादन योजना निर्माण गर्ने (जस्तै पशुपालन, विभिन्न प्रकारका नगदेबाली, स्थानीय तहका खानी तथा खनिज व्यवस्थापन र अन्य आय आर्जनका लागि व्यवस्थित तालीम) जस्ता योजना कार्यान्वयनमा आएपछि अधिकांश मानिसका लागि गाउँमैं स्वरोजगार बन्ने वातावरण तयार हुनेछ। उच्च आर्थिक वृद्धिदर हासिल गर्नका लागि मुख्य चुनौती स्रोत र लगानीको अभाव हो। हरेक वर्ष उत्पादन बढ्न नसक्नु, माग र आपूर्तिबीच बढ्दो असन्तुलन, उत्पादन र वितरणबीच अन्तर्विरोधले आर्थिक क्रियाकलाप सन्तोषजनक हुन सकेको देखिंदैन ।

हुनत नेपालको अर्थतन्त्रलाई चलायमान बनाउने मुख्य आयस्रोत नै रेमिट्यान्स हो। विश्व बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विश्वकै सर्वाधिक रेमिट्यान्स भित्र्याउने मुलुकमा नेपाल पर्दछ। वार्षिक रु साढे ६ खर्बभन्दा बढीको रेमिट्यान्स नेपाल भित्रिने गरेको छ । यसले मुलुकको आयात व्यापार विस्तारमा मात्र भूमिका खेलिरहेको छैन, देशको शोधनान्तर बचतमा समेत अभिवृद्धि गराई समग्र राष्ट्रिय अर्थतन्त्रलाई नै सन्तुलनको अवस्थामा राख्न महत्त्वपूर्ण योगदान दिइराखेको छ। वैदेशिक रोजगारले सीप, प्रविधि, उद्यम र काम गर्ने संस्कार पनि ल्याएको छ। त्यसैले अहिलेको आर्थिक सङ्कटका बेला रेमिट्यान्सले नेपाली अर्थतन्त्रलाई चलायमान बनाएको देखिन्छ। फलस्वरूप गरीबी घटाउनेलगायत थुप्रै दिगो विकासका लक्ष्यहरू प्राप्तिमा पनि यसले ठूलो योगदान गरेको छ । कृषिमा आधारित अर्थतन्त्रलाई सेवा क्षेत्रतर्फ धकेलेको छ। त्यसैले सरकारले राष्ट्रिय रेमिट्यान्स नीति तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ।

वास्तवमा कृषि उपजमाथिको आत्मनिर्भरताबाट खाद्य सुरक्षाका साथै रोजगारका थुप्रै अवसर सिर्जना गर्न सकिने भएकोले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणद्वारा युवालाई यस क्षेत्रमा आकर्षित गर्ने व्यवस्था सुनिश्चित गर्नु आजको आवश्यकता हो । अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको योगदान बढाउन अझ बढी प्रतिस्पर्धी, दिगो, श्रम प्रधान र निर्यातमूलक औद्योगिक विकासमा जोडदिनै पर्दछ । यसका साथै रेमिट्यान्ससँग जोडिएको अहिलेको मुख्य प्रश्न हो (उत्पादनमूलक क्षेत्रमा रेमिट्यान्सको प्रयोग कसरी बढाउने र रेमिट्यान्स आर्जनकर्ताहरूको बचतको दरमा कसरी वृद्धि गर्ने। यसतर्फ राज्य संवेदनशील हुनैपर्दछ। मुलुकको समृद्धिका लागि कृषि बजारीकरण, उत्पादन योजना र बजार योजनासहितको साना कृषि बजार पूर्वाधारको विकास, कृषि उत्पादन योजनासहितको उत्पादन तथा प्राथमिक प्रशोधनको कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । विशेषगरी किसान कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्ने हुन्छ । विविधीकरण, व्यावसायीकरण र उद्योगीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्र नै अबको मार्गचित्र हुनुपर्छ ।

आम नागरिकको सरोकारविनाको विकासले चरम निराशा छाएको अवस्था छ । त्यसैले प्रभावकारी तथा फलदायी योजना वृद्धि गरी यसको व्यवस्थापन र उपलब्ध स्रोतसाधनको उचित परिचालनमार्फत समयमैं समृद्धि ल्याउन आर्थिक संलग्नता अपरिहार्य बनेको छ। अहिले लघुवित्त, सहकारी, बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार, सरकार, सङ्घसंस्थाको गतिविधिले आर्थिक सहभागितामा जनताको सहभागिता विस्तार भएको छ। आर्थिक सहभागिताले व्यावसायिक क्रियाकलापमा वृद्धि भई उत्पादन बढाउन तथा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ। हालसम्म ८,९४७ उद्योग दर्ता भएका छन्। तर, देशले १० प्रतिशत उपभोग्य वस्तु पनि आन्तरिक उत्पादनबाट उपलब्ध हुन सकेको छैन । ९० प्रतिशत उपभोग्य वस्तु आयातित हुनाले गुणात्मक आर्थिक सहभागिताको कमी रहेको देखिन्छ। उत्पादन कम हुनु र आयात बढ्नु नागरिकको आर्थिक सहभागितामा कमजोर पक्षको सङ्केत हो। आर्थिक क्रियाकलापमा संलग्न नागरिकको आर्थिक क्षमता वृद्धि भई सामाजिक रूपान्तरण र समानता प्राप्त गर्न सहयोग पुऱ्याई सामाजिक प्रतिष्ठामा वृद्धि गर्छ। त्यस्तै आर्थिक सहभागिताले व्यक्ति र संस्थाको आर्थिक सामर्थ्य बढाउनुका साथै पूँजी क्षमता बढाउन पनि सहयोग गर्छ भने यसले व्यवसायमा लगानीका थप अवसर सिर्जना गर्छ ।

आर्थिक गतिविधिमा आम नागरिक संलग्न हुँदा बेरोजगारी दर पनि कम हुन्छ । संस्थागत आर्थिक सहभागिताले नयाँ व्यवसाय स्थापना र रोजगार सिर्जना गर्न सहयोग गर्छ । नागरिकको आर्थिक सहभागिताले गाँस, वास, कपासजस्ता आधारभूत आवश्यकता पूर्ति गर्नमा सहयोग गर्ने हुँदा यसले शिक्षा, स्वास्थ्य तथा नैसर्गिक अधिकारको सुनिश्चिततामा सहयोग गरी क्षमता अभिवृद्धि गर्छ । आर्थिक सहभागिताले आर्थिक सशक्तीकरणमार्फत समृद्धिका निम्ति समाजको उन्नति र विकासका लागि अवसर सिर्जना गर्छ। अहिलेको सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा समानता, समावेशीकरण, जातीय, लैङ्गिक, क्षेत्रीय, भाषिक, गरीब, किसान, पिछडिएका वर्गसहित राज्यको नेतृत्वमा भएको विकासले आर्थिक सहभागिताका निम्ति अनुकूल वातावरण तयार गरेको छ । तर बढ्दो भ्रष्टाचार र आर्थिक अनियमितताका कारण आम नागरिकको चाहना समृद्ध मुलुकको निर्माणमा चुनौती बनेको छ।

हुनत श्रमशक्तिको सहभागिताको दर तुलनात्मकरूपमा केही बढेको देखिन्छ । यसले मानिसको आर्थिक सहभागिता बढेको देखाउँछ। विस.२०६८ को राष्ट्रिय जनगणनामा ५३.६ प्रतिशत रहेकोमा श्रमशक्तिको सहभागिताको दर २०७८ मा आइपुग्दा ६५.५ प्रतिशत पुग्नुले समृद्धिमा लगानी जुटाउन सक्ने आधार थप मजबुत भएको देखिन्छ । कुल जनसङ्ख्याको करीब ८२.२ प्रतिशत (१० वर्षभन्दा माथिको) जनसङ्ख्यालाई विकास निर्माणमा समावेश गर्न सके वा सक्रिय आर्थिक गतिविधिमा सहभागी गराउन सके लगानीको कमी समाधान भई सबल अर्थतन्त्र निर्माणमा सहयोग गर्छ। त्यसैले आयात विस्थापन गरी उच्च आर्थिक विकास र प्रभावकारी कदममार्फत आर्थिक सहभागिता अपरिहार्य छ । उपलब्ध स्रोतसाधनको सदुपयोग गरी अवसर सिर्जना गर्न, विकासमा नागरिकको योगदान र लगानी वृद्धि गर्न, लगानीको अभाव कम गर्न र समृद्ध मुलुक निर्माण गर्न नागरिकको आर्थिक सहभागिता नै महत्त्वपूर्ण औजार हो । यसका लागि आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सिर्जना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने रणनीति सरकारको हुनुपर्छ।

## प्रतिबन्धित लागूऔषधसहित एकजना पक्राउ

प्रस, वीरगंज, ४ असोज/

प्रतिबन्धित लागूऔषधसहित एकजनालाई बुधवार साँझ पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

वीरगंज महानगरपालिका-१६ शङ्कराचार्यद्वारनजीकै चेकजाँच गर्ने क्रममा प्रहरीले रक्सौलबाट वीरगंजतर्फ आउँदै गरेको प्र.२-०२-००४ प ७४९५ नम्बरको स्कूटीमा सवार हेटौंडा उमनपा वडा नं ४ बस्ने वर्ष ३४ का अजित तामाङलाई प्रतिबन्धित लागूऔषधसहित पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ। प्रहरीले चेकजाँचको क्रममा स्कूटीको सिटमुनि रहेको फल्स सिलिङमा कालो प्लास्टिकभित्र प्रतिबन्धित लागूऔषध ओनरेक्स सय एमएलको ६९ वटा बोतल बरामद गरेपछि लागूऔषधसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।



तस्वीरः सौजन्य

## साउन र भदौमा पाँच अर्ब ४३ करोडको विद्युत् निर्यात

काठमाडौं, ४ असोज/रासस

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको दुई महीनामा रु पाँच अर्ब ४३ करोड ३१ लाख बराबरको बिजुली भारत निर्यात गरेको छ।

प्राधिकरणले गत साउनमा रु एक अर्ब ९४ करोड ८४ लाख र भदौमा रु तीन अर्ब ४८ करोड ४८ लाख बराबरको विद्युत् भारतीय बजारमा निर्यात गरेको हो । दुई महीनामा तीन अर्ब ३९ करोड ५७ लाख भारतीय रुपियाँ बराबर (रु पाँच अर्ब ४३ करोड ३१ लाख) विद्युत् निर्यात भएको हो । साउन र भदौमा भारततर्फ निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत बिक्रीदर क्रमशः आठ रुपियाँ १३ पैसा र १२ रुपियाँ २७ पैसा छ । दुई महीनाको समग्र औसत विद्युत् बिक्रीदर प्रतियुनिट १० रुपियाँ ३७ पैसा छ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करीब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेडलाई बिक्री गरिरहेको छ।

भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगावाट र एनभिभिएनलाई ११० मेगावाट गरी कुल ६३२ मेगावाट विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ। यसमध्ये ५६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातबाट नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको बताए।

"देशभित्र उत्पादित विद्युत यहीँ खपत गर्न पूर्वाधार संरचनाको सुधार तथा सुदृढीकरण गरिरहेका छौँ, विद्युत नपुगेका ठाउँमा विद्युत पुर्याउनका लागि विद्युतीकरणको कार्य पनि चलिरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "खपत गरी बचत भएको विद्युत निर्यात गर्न दुई देशबीचका अन्तरदेशीय प्रसारण सञ्जाललाई थप विस्तार तथा पूर्णरूपमा प्रयोगमा ल्याउन पहल गरिरहेका छौँ।"


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३


**बकैयामा ...**

तहको रहेको उनको भनाइ छ ।

नदी, खोलाको जथाभावी उत्खननले खोलाबाट ढुङ्गा रित्तिंदै जाँदा बाढीमा पानीले बगाउने र खियाउने प्राकृतिक प्रक्रियालाई असर गर्छ। जसले प्राकृतिक विपत्ति निम्तिन सक्छ। वर्षामा बाढीले थुपारिदिएका नदीजन्य पदार्थ ढुङ्गा, बालुवा, ग्राभेललाई देखाएर स्थानीय तहले ठेक्का बन्दोबस्ती लगाउँछन् । जसलाई मुख्य आम्दानीको स्रोतको रूपमा लिइन्छ।

नदी, खोलाबाट ढुङ्गा, बालुवा, ग्राभेल बिक्री गरेर करोडौं आर्जन गर्ने तर नदीजन्य पदार्थ निकालिएपछि पर्न सक्ने असरहरूको न्यूनीकरण गर्नेतर्फ बिल्कुलै ध्यान गएको देखिंदैन । भत्किएका संरचनाहरूको संरक्षण, मर्मतसम्भार, पुनर्निर्माण गर्नेतर्फ स्थानीय तहहरू चासो रहेको पाइँदैन । नदीजन्य पदार्थको बिक्रीबाट करोडौं रकम राजस्व उठे पनि पुल, ड्याम, मानवबस्तीलाई मात्र होइन, वनजङ्गल क्षेत्रको ठूलो क्षेत्रफल बर्सेनि बाढीले कटान गर्दा करोडौं, अर्बौं मूल्यको नोक्सानी भइरहेको छ ।

# अन्तर्राष्ट्रिय समाचार

## क्यानडाबाट भारतीय भिसा बन्द भएको घोषणा

ओटावा, ४ असार/एएनआई

भारतले क्यानडाको राजधानी ओटावास्थित आफ्नो दूतावासबाट जारी गर्दै आएको प्रवेशाज्ञा (भिसा) सेवा बन्द गरेको छ । अर्को सूचना जारी नभएसम्मका निम्ति भिसा सेवा बन्द गरिएको दूतावासका निम्ति सेवा प्रवाह गर्दै आएको बिएसएल इन्टरनेशनल सर्भिसेजले बिहीवार जनाएको छ ।



तस्वीरः एएनआई

विगत केही समयदेखि बिएसएल इन्टरनेशनल सर्भिसेजले भारत सरकारका निम्ति भिसा, राहदानी, 'कन्सुलर', प्रमाणीकरण र नागरिक सेवा प्रवाहको प्रबन्ध गर्दै आएको छ । बिएसएले सरकारी र विश्वका विभिन्न देशमा रहेका भारतीय कूटनीतिक नियोगमा सेवा प्रवाह गर्दै आएको छ ।

उक्त कम्पनीले आज एक सूचना जारी गर्दै भारतीय भिसा सेवा अर्को सूचना नभएसम्म स्थगन गरिएको जनाउँदै बेलाबेलामा कम्पनीको वेबसाइट हेर्न सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले सोमवार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्याको पछाडि भारत सरकारको हात रहेको आरोप लगाएपछि भारत–क्यानडा सम्बन्धमा तनाव उत्पन्न भएको छ ।

आतङ्कवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जूनमा क्यानडाको ब्रिटिश कोलम्बियास्थित गुरुद्वाराबाहिर गोली हानी हत्या गरिएको थियो ।

क्यानडाको संसद्मा प्रधानमन्त्री ट्रुडोले आफ्नो देशको राष्ट्रिय सुरक्षा अधिकारीहरूले निज्जरको हत्यामा भारत सरकारका 'एजेन्ट'हरू संलग्न रहेका विश्वसनीय प्रमाण रहेको जानकारी दिएका बताएका थिए ।

क्यानडाका प्रधानमन्त्री र विदेशमन्त्रीले लगाएको आरोपलाई भारतको विदेश मन्त्रालयले अस्वीकार गर्दै दुवै नेताका भनाइलाई 'बेतुक' बताएको थियो ।

भारतको विदेश मन्त्रालयले बुधवार भारतीय नागरिक, क्यानडामा रहेका विद्यार्थी र भारत फर्कने योजनामा रहेकाहरूलाई सावधानी अपनाउन सुझाव दिएको छ । भारतविरोधी गतिविधि भएका क्षेत्र र हुन सक्ने सम्भावित स्थानमा नजान भारतीय नागरिक र भारतीय विद्यार्थीहरूलाई आग्रह गर्दै मन्त्रालयले विशेष सावधानी अपनाउन आग्रह गरेको छ । रासस

## सिरियाली राष्ट्रपति चीन भ्रमणमा

हाङ्झाउ (चीन), ४ असोज/एएफपी

सिरियाका राष्ट्रपति बसर अल–असद चीन भ्रमणका क्रममा बिहीवार झेजियाङ प्रान्तको राजधानी हाङ्झाउ पुगेका छन् ।

राज्य प्रसारण संस्था चाइना सेन्ट्रल टेलिभिजनका अनुसार सिरियाली नेताको यो दुई दशकपछिको पहिलो औपचारिक चीन भ्रमण हो ।

राष्ट्रपति सी जिनपिङसँग शनिवार एशियाली खेलकूद प्रतियोगिताको उद्घाटन समारोहमा सिरियाली राष्ट्रपतिले भाग लिनेछन् ।

यही असोज ५ देखि २१ गतेसम्म हुने उक्त प्रतियोगितामा अफगानिस्तान, बहराइन, बङ्गलादेश, भुटान, ब्रुनाई, कम्बोडिया, चीन, चाइनिज ताइपेई, हङकङ, भारत, इन्डोनेशिया, इरान, इराक, जापान, जोर्डन, कजाकस्तान, कुवेत, किर्गिस्तान, लाओस, लेबनान, मकाउ, मलेशिया, मालदिभ्स, मङ्गोलिया, म्यान्मा, नेपालसहित ४५ देशले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

त्यसैगरी, प्रतियोगितामा उत्तर कोरिया, ओमान, पाकिस्तान, प्यालेस्टाइन, फिलिपिन्स, कतार, साउदी अरब, सिङ्गापुर, दक्षिण कोरिया, श्रीलङ्का, सिरिया, ताजकिस्तान, थाइल्यान्ड, टिमोर लेत्से, तुर्कमेनिस्तान, संयुक्त अरब इमिरेट्स, उज्वेकिस्तान, भियतनाम र यमनका खेलाडी सहभागी छन् ।

४८ देश भएको एशिया महादेशका चार मुलुक युक्रेन, रूस, बेलारूस र इजरायल उक्त प्रतियोगितामा सहभागी छैनन् । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले युक्रेनमा रूसले आक्रमण गरेकाले मस्कोविरुद्ध प्रतिबन्ध लगाएको छ भने रूसको सहयोगी बेलारूसलाई पनि युक्रेन युद्धमा सघाएकाले आइओसीले प्रतिबन्ध लगाएको हो । धेरै अरब मुलुक उक्त प्रतियोगितामा सहभागी भएकाले विगतदेखि नै इजरायल एशियाली खेलकूद प्रतियोगिताबाट बाहिर रहँदै आएको छ । रासस

## २७ वर्षअघिको अपराधमा आज मृत्युदण्ड

ओक्लाहोमासिटी (अमेरिका), ४ असोज/एपी

२७ वर्षअघि एकजना नृत्य छात्रालाई मारेको अभियोगमा दोषी ठहर भएका ४४ वर्षीय एन्थोनी सान्चेजलाई बिहीवार बिहान मृत्युदण्ड दिइएको छ ।

वर्षौंसम्म हत्याबारेमा स्पष्ट जानकारी नभएपछि अपराध भएको स्थानबाट सुरक्षा निकायले डिएनए सङ्कलन एवं परीक्षण गरेर सान्चेजमाथि हत्या अभियोगमा मुद्दा चलाएको थियो । ओक्लाहोमा कारागारमा रहेका उनलाई आज बिहान दश बजे तीनवटा घातक सुई लगाएर प्राणदण्ड दिइएको छ ।

सान्चेजले सम्भावित आममाफीको विकल्पलाई त्यागेर मृत्युलाई स्वीकार गरेका छन् । राज्यको आममाफी तथा मुक्ति परिषद्मा आवेदन गर्न अस्वीकार गरेर उनले जीवनप्रतिको वितृष्णा प्रस्तुत गरेका उनका धेरै आफन्तले बताएका छन् । यद्यपि उनका वकीलले मृत्युदण्ड रोक्न गरेको अपीललाई अदालतले अस्वीकार गरेको थियो ।

अदालतले सान्चेजलाई अर्कान्सास निवासी २१ वर्षीया जुली बुस्केनलाई बलात्कारपछि हत्या गरेको अभियोगमा दोषी ठहर गरेको थियो । सन् १९९६ को डिसेम्बर २० मा नर्मन अपार्टमेन्ट कम्प्लेक्सको पार्किङ स्थलबाट अपहरणमा परेकी उनको शव त्यसै दिन साँझ नर्मन अपार्टमेन्टबाट धेरै टाढा दक्षिणपूर्वी ओक्लाहोमा शहरको तालनजीकै फेला परेको थियो । हातखुट्टा बाँधिएको र टाउकोमा गोली हानेर मारिएको अवस्थामा बुस्केनको शव भेटिएको थियो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडाश्रम |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## फेटामा नेकाको पार्टी सुदृढीकरण कार्यक्रम


तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ असोज/

नेपाली काङ्ग्रेस बाराले फेटा गाउँपालिकामा पार्टी सुदृढीकरण कार्यक्रम बुधवार सम्पन्न गरेको छ ।

नेका फेटा गापाका सभापति जयनारायण राउतको अध्यक्षता तथा नेका बाराका सभापति राजेशराय यादवको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा पालिका प्रतिनिधि रविकरण साह, उपसभापति अमिरीलाल पाल, पूर्वमन्त्री कलावती पासवान, क्षेत्रीय सभापतिद्वय सुनील गुप्ता, लोकेश सिंह, जिल्ला सदस्य राममणि गुप्ता, पूर्वउपसभापति सुरेन्द्र गुप्ता, नजीर अन्सारी, जमुनी गुप्ता, नेपाल तरुण दल बाराका अध्यक्ष दीपेन्द्र पटेललगायतको सहभागिता थियो ।

## संविधान दिवसको अवसरमा दीप प्रज्वलन


तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, ४ असोज/

पर्सागढी नगरपालिका–३ स्थित बिरुवागुठी युथ क्लबले संविधान दिवसको अवसरमा दीप प्रज्वलन गरेको थियो ।

कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठक, हिमाल खनाल, चन्द्रबहादुर पुन, सक्सबहादुर रायमाझी, समी तामाङ, रवि सुवेदीलगायतको सहभागिता थियो ।

यसैगरी, वडाध्यक्ष सुकमान तामाङको अध्यक्षतामा भएको कार्यक्रममा वडा कार्यालयमा झन्डोत्तोलन गरिनुका साथै दीप प्रज्वलन गरी संविधान दिवस मनाइएको थियो ।

## काठमाडौं महानगरका शिक्षक, कर्मचारीबाट सडकमैं हाजिर

काठमाडौं, ४ असोज/रासस

नेपाल शिक्षक महासङ्घले सञ्चालन गरेको सडक आन्दोलनमा सहभागी काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीले सडकमैं हाजिर गरेका छन् ।

काठमाडौं महानगरपालिकाले विद्यालय बन्द गरेर आन्दोलनमा नजान र गयल भएको पाइएमा कारबाही गर्ने चेतावनी दिएपछि शिक्षक–कर्मचारीले कानूनीरूपमा बच्ने र आन्दोलनलाई पनि साथ दिने बाटो रोजेका हुन् । महासङ्घको काठमाडौं महानगपालिका समितिका अध्यक्ष राजेन्द्र अधिकारी र सचिव हेरम्बराज कँडेलले महानगरका प्रधानाध्यापकहरूको संयुक्त बैठकले आन्दोलनमा सहभागी हुने र सडकमैं हाजिर गर्ने निर्णय गरेको जनाए । उनीहरूले आन्दोलनका कारण क्षति भएको पढाइ अतिरिक्त कक्षाहरूबाट पूर्ति गर्ने पनि प्रतिबद्धता व्यक्त गरेका छन् ।

सङ्घीय संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका पेशागत सवालमा असन्तुष्टि जनाउँदै महासङ्घले यही असोज ३ गतेदेखि काठमाडौं सडक केन्द्रित आन्दोलन थालनी गरेको हो ।

महासङ्घले अस्थायी प्रकृतिका शिक्षकहरूको स्थायित्व, विद्यालय कर्मचारीको दरबन्दी सिर्जना, विद्यालय संरचनाबाहिर रहेका बालकक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्याङ्कनलगायतका विषयमा सम्बोधन गर्न माग गर्दै आएको छ ।


## कालिकामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
हरिहरपुरबिर्ता, पर्सा
मधेस प्रदेश, नेपाल

### माछापालन प्रयोजनका लागि सार्वजनिक पोखरीको खुल्ला डाँक बढाबढसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशन मिति :२०८०।०६।०५ गते)

१. यस कालिकामाई गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।०५।२९ गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरीहरूमध्ये तपसिलबमोजिमका पोखरीहरूको माछापालन प्रयोजनका लागि टेन्डरको सम्झौता भएको मितिदेखि ५ (पाँच) वर्षको लागि पोखरी ठेक्कामा दिइने भएकोले पोखरीको खुल्ला डाँक बढाबढमा भाग लिन इच्छुक व्यक्ति वा इच्छुक इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहायबमोजिमका शर्तहरूको अधीनमा रही रीतपूर्वकको छुट्टाछुट्टै निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. **निवेदन दिनुपर्ने अन्तिम मिति :** यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनसम्म (मिति २०८०।०६।१८ गतेसम्म) यस कार्यालयको नाममा ग्लोबल आइएमई बैंक बिरञ्चीबर्वा शाखामा रहेको आन्तरिक राजस्व खाता नं ३६४०४०१००००००५ मा रु ५०००।– (पाँच हजार मात्र) (पछि फिर्ता नहुनेगरी) रकम बुझाइ रसिद संलग्न राखी यस कार्यालयमा सम्बन्धित व्यक्तिले नागरिकताको प्रतिलिपि वा फर्म/संस्थाका अधिकारप्राप्त प्रतिनिधिले (फर्म/संस्थाको हकमा अद्यावधिक नवीकरण गरेको, व्यवसाय दर्ताको, संस्था वा कम्पनी दर्ताको, मूल्य अभिवृद्धि करमा दर्ताको, स्थायी लेखा नम्बर (PAN) दर्ताको तथा हालसम्मको करचुक्ता गरेको प्रमाणित प्रमाणपत्रका प्रतिलिपिहरू निवेदन साथ पेश गरी निवेदन दर्ता गराउनुपर्नेछ । निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदापछिको कार्यालय खुल्ने दिन अन्तिम दिन हुनेछ ।

३. **ठेक्काको किसिम :** खुल्ला डाँक बढाबढ ।

४. **धरौटी सम्बन्धमा :** इच्छुक नेपाली नागरिकले आफूले कबोल गर्ने अङ्कको ५ (पाँच) प्रतिशत रकम पहिला नै यस कार्यालयको नाममा ग्लोबल आइएमई बैंक, बिरञ्चीबर्वा शाखामा रहेको धरौटी खाता नं ३६४०४०१००००००३ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको (निवेदन बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबन्ड डाँक बढाबढ हुनुभन्दा कम्तीमा १ (एक) घण्टा अगावै पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानतबापतको भौचर, रसिद वा बिडबन्ड यो सूचना प्रकाशित भएको मितिपछिकोलाई मान्यता दिइनेछ ।

५. **खुल्ला डाँक बढाबढ हुने मिति, समय र स्थान :** निवेदकहरूको रोहबरमा निवेदन दिने अन्तिम मितिको भोलिपल्ट दिनको ८:३० बजे यस कार्यालयमा डाँक बढाबढ हुनेछ । डाँक बढाबढमा आफूले राखेको धरौटी रकमबमोजिमको कबोल अङ्कभन्दा बढी कबोल अङ्क बोल्न पाइनेछैन ।

६. डाँक बढाबढसम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचनापाटीमा तथा अनलाइनमार्फत प्रकाशन गरिनेछ ।

७. अन्य कार्यविधिहरू सार्वजनिक खरीद ऐन, २०६३ (संशोधन), सार्वजनिक खरीद नियमावली २०६३ (संशोधित) तथा अन्य प्रचलित ऐन, नियमबमोजिम हुनेछ ।

८. डाँक बढाबढसम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

९. विगतमा ठेक्का सकार गरी समयमा किस्ताको रकम नबुझाएका ठेकेदार तथा तिनका ३ (तीन) पुस्तेका नातेदारहरू यस ठेक्कामा भाग लिन पाउनेछैनन् ।

१०. **सम्पर्क व्यक्ति :** श्री विक्रमाप्रसाद बरै, जिन्सी शाखा प्रमुख, सम्पर्क नं ९८४५०३९१०७

| ठेक्का नं | अवस्थित | पोखरीको नाम | पानीले ओगटने क्षेत्रफल | ठेक्काको न्यूनतम अङ्क (पाँच वर्षको लागि) | फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१/२०८०/८१ | साबिक गाविस मुडली–९ | ब्रह्म पोखरी | २–०–० | ५४,८१,,०००।– | ५०००/– | |
| ०२/२०८०/८१ | साबिक गाविस मुडली–१ | मुरधरिया पोखरी | ०–८–१३ | १५,३३,०००।– | ५०००/– | |
| ०३/२०८०/८१ | साबिक गाविस मुडली–२ | सार्वजनिक पोखरी | ०–१२–१० | ६,३०,०००।– | ५०००/– | |
| ०४/२०८०/८१ | साबिक गाविस मुडली–४ | बरेवा पोखरी | २–८–० | ४३,२६,०००।– | ५०००/– | |
| ०५/२०८०/८१ | साबिक गाविस मुडली–४ | सार्वजनिक पोखरी | ०–११–० | २४,०४,५००।– | ५०००/– | |
| ०६/२०८०/८१ | साबिक गाविस मुडली–६ | सार्वजनिक पोखरी | ०–८–१० | ४,२५,०००।– | ५०००/– | |
| ०७/२०८०/८१ | साबिक गाविस मुडली–७ | बेलवा पोखरी | २–२–० | २१,००,०००।– | ५०००/– | |
| ०८/२०८०/८१ | साबिक गाविस मुडली–८, ९ | सखुवा पोखरी | २–१५–२ | ६०,३७,५००।– | ५०००/– | |
| ०९/२०८०/८१ | साबिक गाविस भेडिहारी–९ | सार्वजनिक पोखरी | ०–५–१२ | २,८०,००० ।– | ५०००/– | |
| १०/२०८०/८१ | साबिक गाविस हरिहरपुरबिर्ता–१ | सार्वजनिक पोखरी | ०–६–१० | ३,२५,००० ।– | ५०००/– | |
| ११/२०८०/८१ | साबिक गाविस बिरञ्चीबर्वा–२ | सार्वजनिक पोखरी | ०–४–१० | २,२५,०००।– | ५०००/– | |
| १२/२०८०/८१ | साबिक गाविस बिरञ्चीबर्वा–९ | सार्वजनिक पोखरी | ०–६–० | ३,००,०००।– | ५०००/– | |
| १३/२०८०/८१ | साबिक गाविस बिरञ्चीबर्वा–८ | सार्वजनिक पोखरी | ०–५–० | २,५०,०००।– | ५०००/– | |
| १४/२०८०/८१ | साबिक गाविस बिरञ्चीबर्वा–८ | सार्वजनिक पोखरी | ०–५–० | २,५०,००० ।– | ५०००/– | |

(नमोनाथप्रसाद यादव)
प्रमुख प्रशासकीय अधिकृत

# बकैयामा जथाभावी उत्खनन, संरचना भत्किंदै

प्रस, निजगढ, ४ असोज/

बकैया खोलामा वर्षौंदेखि नदीजन्य पदार्थको जथाभावी उत्खनन, दोहनका बकैया खोलाबाट निजगढ र कोल्हवी नगरपालिकाले आगामी एक दशकमा २१ करोड ३२ लाख ६५ हजार ७९८ घनफिट मा बकैया खोलामा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न ठेक्का लगाएको थियो।



पूर्व–पश्चिम राजमार्गको निजगढस्थित बकैया पुल र बाढीले भत्काएको पक्की डयाम। तस्वीरः जीतलाल श्रेष्ठ

कारण पक्की ड्याम भत्किंदै गइरहेको छ भने पुल उच्च सङ्कटमा छ।

एउटा खोलाबाट दिनमा १० हजार ५८४ घनफिट अर्थात् दश चक्के टिपरले बढीमा २८ टिपभन्दा बढी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी गर्न नपाइने वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख छ। तर मापदण्डविपरीत दैनिक दुईदेखि पाँच हजार घनमिटर अर्थात् तीन सयदेखि पाँच सय टिपर नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी गरेका कारण बर्सेनि बाढीका कारण यहाँका संरचनालाई भत्काउने र पुल सङ्कटमा परेको छ।

सो प्रतिवेदनमा नदीजन्य पदार्थ सूर्योदयदेखि सूर्यास्तसम्म मात्र उत्खनन गर्नुपर्ने उल्लेख छ तर ठेकेदार र स्थानीयहरूको समूहले रातदिन उत्खनन गर्दै आएका छन्। मापदण्डविपरीत हुने यस प्रकारका कार्यलाई सरोकारवाला निकायले प्रभावकारी अनुगमन नगर्दा त्यसको असरले भयावह रूप लिने बताइन्छ।

स्थानीय तहहरूले नदीजन्य पदार्थ (दहत्तर बहत्तर) करोडौं रकममा ठेक्का लगाए पनि प्रभावकारी अनुगमन गर्दैनन्। नदीखोला जथाभावी खनेको विरोध नहुँदा ठेकेदारले रातभरि उत्खनन, सङ्कलन गर्छन्। यसले गर्दा सानो प्राकृतिक प्रकोपले पनि ठूलो क्षति निम्तिने र यसको प्रत्यक्ष प्रभाव चुरे पहाड फेद र आसपासका बस्तीहरूमा पर्छ।

नदीजन्य पदार्थ उत्खनन गर्ने अघिल्लो वर्ष र गत वर्षको वातावरणीय परीक्षण प्रतिवेदनको तथ्याङ्कले देखाएको छ।

निजगढ नगरपालिकाले अघिल्लो आव २०७८/७९ मा एक करोड ५६ लाख १४ हजार ७४४ घनफिट र कोल्हवी नगरपालिकाले गत आव २०७९/८० मा ५७ लाख ११ हजार ८३५.५२ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गरेको सो प्रतिवेदनमा उल्लेख छ।

निजगढ नपाले गर्दै आएको नदीजन्य पदार्थ उत्खननविरुद्ध अघिल्लो वर्ष उच्च अदालत वीरगंजमा मुद्दा परेपछि आठ महीनापछि मुद्दा टुङ्गिएर नदीजन्य पदार्थ ठेक्का लगाउने बाटो खुलेको थियो। तीनपटक खोलाको ठेक्का सूचना निकाले पनि ठेक्का नलागेको प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौलाले बताए। डिभिजन वन कार्यालय, बारासँग सो प्रतिवेदनलाई लिएर जारी विवादका कारण निजगढ नपा खोला च्यानलाइजबाहेक उत्खननका अन्य कार्यमा कानूनविपरीत गएन। कतिपय स्थानीय तहहरू नदीजन्य पदार्थको ठेक्कामा कानूनविपरीत गएका थिए।

सो प्रतिवेदनलाई मुख्य आधार मानेर अघिल्लो वर्ष र गत वर्ष खोलाको ठेक्का बन्दोबस्ती गर्दै निजगढ नगरपालिकाले अघिल्लो वर्ष मूअकरबाहेक रु १२ करोड ८८ लाख १५ हजार ७५२ र गत वर्ष कोल्हवी नगरपालिकाले मूअकरबाहेक तीन करोड ९९ लाख ८२ हजार ८४८

यी दुई स्थानीय तहले तयार गरेका अघिल्लो र गत वर्षको प्रतिवेदन अध्ययन गर्दा निजगढ नपाले १० वर्षमा १५ करोड ६१ लाख ४७ हजार ४४० घनफिट र कोल्हवी नपाले १० वर्षमा पाँच करोड ७१ लाख १८ हजार ३५५ घनफिट गरी कुल २१ करोड ३२ लाख ६५ हजार ७९८ घनफिट नदीजन्य पदार्थ निकाल्न सक्ने देखिएको छ।

स्थानीय तहले प्रत्येक वर्ष नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्दै ठेक्का लगाए पनि ठेकेदारले गर्ने उत्खनन कार्यलाई स्थानीय तह, जिल्ला समन्वय समिति र प्रहरी प्रशासनले कडाइका साथ अनुगमन भने गरेका छैनन्।

चुरे अर्थात् माथिल्लो तटीय क्षेत्रमा रहेका नदी, खोलानाला, खहरेहरूमा पानीको वेग तीव्र हुन्छ। जसले गर्दा जमीन कटान, तटबन्ध, ड्यामलगायतका संरचनाहरूलाई बाढीले भत्काइ क्षति पुर्‍याउँछ भने दक्षिणतर्फका भूभागहरूमा माथिल्लो तटीय क्षेत्र कटान गरी बगाएर ल्याएका पागो माटो, बालुवा, झाँडी, बुटयान, रूखहरू थुपारिदिन्छ।

वन क्षेत्र, निजगढ र कोल्हवी नपास्थित बकैयाखोला, जीतपुरसिमरा उपमहानगरपालिकाको पसाहा, बालगङ्गा, दुधौरा खोलाबाट प्रतिवेदनमा तोकिएको मापदण्डविपरीत उत्खनन हुने गरेका कारण वन क्षेत्रसमेत विनाश हुँदै गरेकोले यसतर्फ गम्भीर हुन स्थानीय तहहरूलाई डिभिजन वन कार्यालय, बाराका प्रमुख विनोद सिंहले आग्रह गरेका छन्।

"खोलाबगरछेउका वन क्षेत्रको जमीन कटानका कारण रूख, बोटबिरुवा बर्सेनि क्षति भइरहेको छ," डिएफओ सिंहले भने। उनले जसले खोलाको ठेक्का कानूनसम्मतरूपमा लगाउँछ, उसैले संरक्षणको जिम्मेवारी पनि लिनुपर्छ, उनको भनाइ छ।

प्राविधिकले तयार पारेका मापदण्डलाई पालना गर्ने हो भने चुरे, नदी, खोलाले लामो समयसम्म नदीजन्य पदार्थको आवश्यकता पूरा गर्ने र स्थानीय तहलाई आम्दानीको आन्तरिक स्रोत निरन्तर रहिरहने विज्ञ रामहरि पन्थ बताउँछन्।

जल, जमीन, जडीबुटी, चुरे, वन, नदी, खोला, नदीजन्य पदार्थलगायत अन्य प्राकृतिक स्रोत साधनहरू अवसर र चुनौती दुवै हुन्। सही सदुपयोगले मात्र मनग्य फाइदा लिन सकिन्छ। आवश्यकताभन्दा बढी गर्न खोज्नु र गर्नु अभिशाप हुने विज्ञ पन्थको सुझाव छ।

बकैया खोलाबाट आवश्यकताभन्दा बढी नदीजन्य पदार्थ उत्खननले पानीको बहाव परिवर्तन भई सानै बाढीले पनि ड्याम, पुललगायतका संरचनालाई क्षति पुग्ने सडक डिभिजन कार्यालय, हेटौंडाका इन्जिनीयर रमेश पाण्डे बताउँछन्। सडकको क्षेत्राधिकारभित्रका ड्याम, तटबन्ध, पुल जस्ता अन्य आवश्यक संरचनालाई संरक्षण गर्ने दायित्व स्थानीय

(बाँकी चौथो पातामा)




# ग्रामीण क्षेत्रको विकास प्राथमिकतामा –नगरप्रमुख सिंह

प्रस, वीरगंज, ४ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले ग्रामीण क्षेत्रको विकास पहिलो प्राथमिकतामा रहेको बताएका छन्।

वीरगंज महानगरपालिका–३० लालपर्सामा बिहीवार स्थानीयसँग भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा उनले महानगरको ग्रामीण क्षेत्रको विकासका लागि बजेट छुट्याउने बताए। प्राविधिक टोलीसहित गाउँ पुगेका नगरप्रमुख सिंहले लालपर्सामा वर्षाका बेला हुने डुबान अन्त्यका लागि पानीको निकास गर्न कल्भर्ट निर्माण गर्ने बताए।

नगरप्रमुख सिंहले प्राविधिक टोलीलाई डुबान क्षेत्र देखाउँदै पानी निकासका लागि आवश्यक व्यवस्था मिलाउन निर्देशन दिए। उनले ग्रामीण महिलाहरूको आर्थिक अवस्था मजबूत बनाउन सीपमूलक कार्यक्रम सञ्चालन गर्ने बताए।



तस्वीरः सौजन्य

लालपर्सामा रहेका विद्यालयको भौतिक संरचना निर्माणको काम यसै आवदेखि शुरू गर्ने बताउँदै नगरप्रमुख सिंहले विद्यालयको पठनपाठन स्तरीय बनाउन शिक्षकको व्यवस्था मिलाउने बताए। वडाअध्यक्ष मनोज यादवको अध्यक्षतामा भएको कार्यक्रममा योजना प्रमुख अवधेश कुशवाहा, प्राविधिक सल्लाहकार प्रकाश अमात्यलगायतको सहभागिता थियो।

# सखुवाप्रसौनीको दलित बस्तीमा शान्ति दिवस मनाइयो

प्रस, वीरगंज, ४ असोज/

पिस फर दलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको आयोजना र युनाइटेड रिलिजियस इनिसिएटिभ (युआरआई)को सहयोगमा बिहीवार अन्तर्राष्ट्रिय शान्ति दिवस सखुवाप्रसौनी गाउँपालिका–३ कौवा वनकटैयास्थित दलित मुशहर बस्तीमा मनाइएको छ।

'एक्सन फर पिसः आवर एम्बिसन फर द ग्लोबल गोल्स' कार्यक्रममा 'शान्तिका लागि कार्यहरूः हाम्रो महत्त्वाकाङ्क्षा' नारासाथ सम्पन्न कार्यक्रममा शान्ति मार्च, दलित समुदायको अगुवाइमा शान्ति ऱ्याली, चित्रकला प्रतियोगिता कार्यक्रम गरिएको थियो।

चित्रकला प्रतियोगितामा प्रथम राजनकुमार राम, द्वितीय मीरा कुमारी, तृतीय निपु कुमारी, चौथो बिराज राम र पाँचौं नेहा कुमारीलाई पुरस्कार वितरण गरिएको थियो।

युआरआईका इन्डिया, बङ्गलादेश, नेपालका संयोजक विश्वदेव चक्रवर्तीले सामुदायिक निश्शुल्क टयुसन कक्षा केन्द्रका बालबालिकालाई क्रिकेट बल, ब्याट, फुटबल, भलिबल,




ब्याटमिन्टनलगायतका सामग्री सहयोग गरेका थिए।

कार्यक्रममा युआरआईका संयोजक चक्रवर्तीले दलितको सशक्तीकरण, समानतामा हक, शिक्षामा पहुँच भएमा मात्र समाजमा शान्ति हुने बताए। उनले समाजमा शान्ति, न्याय र उपचारको लागि ग्रामीणस्तरमा कार्य हुनुपर्ने बताए।

फाउन्डेशनका संस्थापक दीपक कुमारले दलित समुदायका बालबालिकाको शिक्षामा पहुँच, दलित समुदायको सशक्तीकरण, सामाजिक रूपान्तरण भएमा मात्र समाजमा शान्ति स्थापना हुने बताए।

ओमप्रकाश मुशहरको अध्यक्षतामा भएको कार्यक्रममा युआरआई झारखण्ड प्रदेशका अनुल अन्सारी, सुरेन्द्र कुमार, फाउन्डेशन नेपालका सचिव दीपेन्द्र, लीलावती देवी, सदस्य परमानन्द राम, सदस्य सुरेन्द्र पासवान, संजोग राम, अशोक रामलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण फाउन्डेशन नेपाल, पर्साका अध्यक्ष मनोज रामले गरेका थिए।

# सामान बोकेको चारवटा सवारीसाधन नियन्त्रण

प्रस, वीरगंज, ४ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले ७७ लाख २७ हजार मूल्य बराबरका विभिन्न सामग्री र पाँचवटा गाईसहित चारवटा सवारीसाधनलाई नियन्त्रणमा लिएको छ।

बिहीवार बिहान बारा, जीतपुरसिमरा उपमहानगरपालिका–२१ बाट इलाका प्रहरी कार्यालय, अमलेखगंजले वीरगंजबाट काठमाडौं जाँदै गरेका चारवटा ट्रकलाई चेकजाँच गर्दा बिल भरपाई नभएका विभिन्न सामानहरू लोड भएका चारवटा सवारीसाधनलाई नियन्त्रणमा लिएको जिप्रका, बाराले जनाएको छ।

ना.६ख ००८० नम्बरका ट्रकमा रहेको २३ लाख एक हजार ८२६ मूल्य बराबरका विभिन्न खुद्रा सामान, ना.३ख ७३११ नम्बरको ट्रकमा रहेको २३ लाख २७ हजार १६० मूल्य बराबरका विभिन्न सामान, ना.३ख ४५६० नम्बरको ट्रकमा रहेको २५ लाख ९८ हजार ३४२ मूल्य बराबरका विभिन्न खुद्रा सामान र हेटौंडाबाट महोत्तरी जाँदै गरेको बा.२१च ८९९७ नम्बरको पिकअप गाडीमा अनलाइन बिल नभएको पाँच लाख मूल्य बराबरका पाँचवटा गाई गरी ७७ लाख २७ हजार ३२८ मूल्य बराबरका सामान र गाई नियन्त्रणमा लिई



तस्वीरः सौजन्य

अनुसन्धान गरिरहेको जिप्रका, बाराका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी गराए।

## शिक्षकहरूको आन्दोलन ...

सम्मानका लागि भन्दै आन्दोलन गरि रहेको जनाएको छ।

त्यसैगरी, बाराका दुईवटा उपमहानगरपालिका कलैया र जीतपुरसिमरासहित १६ वटा स्थानीय तहका एक सयभन्दा बढी मावि विद्यालयसहित अन्य विभिन्न तहका पाँच सयभन्दा बढी सामुदायिक विद्यालय अनिश्चितकालीन बन्द छन्।

यसैगरी, केही उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाहरूले विद्यालयमा पठनपाठन ठप्प पारेर शिक्षकहरू आन्दोलनमा सहभागी भएमा कारबाही गर्ने चेतावनीसहित सार्वजनिक सूचना जारी गरेका छन्।

## रूँगटा काङ्ग्रेस ...

महाधिवेशन प्रतिनिधिबाट एक तिहाइ महिला सदस्य, समावेशी सिद्धान्त र अपाङ्गता भएका अल्पसङ्ख्यक वा पिछडिएका क्षेत्रका प्रतिनिधिलाई समेत ध्यानमा राखी ३३ जना केन्द्रीय सदस्य मनोनीत गर्ने व्यवस्था रहेकामा १९ महीनापछि सभापति देउवाले आठजना केन्द्रीय सदस्य मनोनीत गरेका हुन्।


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

**लम्पी स्किन रोगका लक्षणहरूः**

- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने।
- छालामा गिर्खा/गाँठाहरू देखिने, केही समयपछि हराउने वा फुट्ने र कीरा औंसा पर्न सक्ने।
- नाक, मुख, कल्चौडा र थुनमा घाउ हुने।
- आँसु, ऱ्याल, सिङ्गान आउने चिप्रा कचेरा लाग्ने।
- खुट्टा जोर्नी सुन्निने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
- ज्वरो आएको पशुलाई आराम गराऔं।
- नजीकको पशुचिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड